# इन्सेक बुलेटिन

वर्ष ३ अङ्क १९ असोज-मङ्सिर (संयुक्ताङ्क) २०८०





## यसभित्र ....


- मानव अधिकारको रक्षाका लागि कानुनको इमान्दार कार्यन्वयन जरुरी: राष्ट्रिय सभा अध्यक्ष तिमल्सिना/१
- मानव अधिकारको रक्षाका लागि कानुनको इमान्दार कार्यन्वयन जरुरी: राष्ट्रिय सभा अध्यक्ष तिमल्सिना/३
- इन्सेकको पहलमा २१ सदस्यीय वातावरण अधिकार रक्षक राष्ट्रिय सञ्जाल गठन/४
- महिलामाथि हुने हिंसा रोक्न तीनै तहका सरकारको जागरूकता आवश्यक: इन्सेक/५
- अधिकार दुई परियोजनाको सिकाई तथा अनुभव आदानप्रदान कार्यक्रम सम्पन्न
- मधेश प्रदेश/७
- बागमती प्रदेश/११
- गण्डकी प्रदेश/१३
- लुम्बिनी प्रदेश/१७
- कर्णाली प्रदेश/२४
- सुदूरपश्चिम प्रदेश/२८
- प्रेस विज्ञप्ति/३०


## मानव अधिकारको रक्षाका लागि कानुनको इमान्दार कार्यान्वयन जरुरी: राष्ट्रिय सभा अध्यक्ष तिमल्सिना

राष्ट्रिय सभाका अध्यक्ष गणेशप्रसाद तिमल्सिनाले मानव अधिकारको रक्षाका लागि संविधान र त्यस अन्तर्गत बनेका कानुनहरूको इमान्दार कार्यन्वयन जरुरी रहेको बताउनु भएको छ। अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले ०८० कात्तिक २२ गते काठमाडौँमा आयोजना गरेको 'आजको सन्दर्भमा मानव अधिकार: संवैधानिक हक र प्रचलन' विषयक अन्तर्क्रिया कार्यक्रममा आफ्ना भनाई राख्दै अध्यक्ष तिमल्सिनाले उक्त कुरा बताउनु भएको हो।

कार्यक्रमका प्रमुख अतिथि समेत रहनुभएका तिमल्सिनाले मानव अधिकारको संरक्षणका लागि राजनीतिक दल र कानुन कार्यन्वयन गर्ने निकायको इच्छाशक्ति महत्वपूर्ण रहने भएकाले राजनीतिक दल र राज्यका तीनै तहका निकायहरूलाई जिम्मेवार बन्न समेत आग्रह गर्नुभयो। संविधानमा लेखिएका कुराहरू जबसम्म कानुन र ऐन बनेर कार्यन्वयन हुन सक्दैनन् तबसम्म जनताले मानव अधिकारको अनुभूति गर्न नसक्ने तिमल्सिनाले उल्लेख गर्नुभयो।

'नागरिकका आधारभुत आवश्यकताहरू पुरा हुन सकेनन् भने उनीहरू स्वाभाविक रूपमा आक्रोशित हुन्छन्', उहाँले भन्नुभयो,'मानव अधिकारको रक्षा गर्ने सवालमा




संविधान बनाउने राजनीतिक दल, तिनका नेताहरू र नागरिक समाजकको उत्तिकै ठूलो जिम्मेवारी हुन्छ ।' सङ्क्रमणकालीन न्यायका सन्दर्भमा पीडित, संसदमा प्रतिनिधित्व गर्ने राजनीतिक दलहरू र नागरिक समाजकाबीच व्यापक रूपमा छलफल गरेर कानुन निर्माणका लागि एउटा सहमति बिन्दुमा पुग्नु पर्ने कुरा उल्लेख गर्दै अध्यक्ष तिमल्सेनाले जनचासोका गम्भीर सवालमा राष्ट्रिय सभामा छलफल गर्ने वातावरण बनाउन आफू तयार रहेको बताउनु भयो ।

त्यस्तै कार्यक्रममा बोल्दै इन्सेकका अध्यक्ष डा. कुन्दन अर्यालले नागरिकको मानव अधिकार संरक्षण गर्न संविधानमा उल्लेख गरिएका मौलिक हकहरूलाई छिटो कानुन र ऐन बनाएर कार्यान्वयनमा ल्याउन जरुरी रहेको बताउनु भयो । अर्यालले मानव अधिकारको सन्दर्भ र परिस्थिति परिवर्तित भइरहेको जनाउँदै अबको मानव अधिकारको आन्दोलन जलवायु परिवर्तन र आर्थिक सामाजिक अधिकारको रक्षामा केन्द्रित हुनु पर्नेमा जोड दिनुभयो ।

उहाँले राष्ट्रिय मानव अधिकार आयोगले आफ्नो 'क' श्रेणीको मान्यता जोगाउन सफल भएकोमा खुसी व्यक्त गर्दै अब बन्ने मानव अधिकार आयोगसम्बन्धी कानुन नेपालको सविधान र पेरिस सिद्धान्तको मर्म अनुसार बन्नु पर्ने बताउनु भयो । अर्यालले अन्तर्राष्ट्रिय मुद्दाका सन्दर्भमा गाजामा भइरहेको इजरायल र हमासबीचको युद्धमा मानवीय कानुन उल्लङ्घनको पाटो र राष्ट्रिय सन्दर्भमा दण्डहीनता र अपराधीकरणको पनि राजनीतिकरणलाई इन्सेकले गम्भीर रूपमा हेरिरहेको समेत उल्लेख गर्नुभयो ।

राष्ट्रिय मानव अधिकार आयोगका सदस्य डा. सूर्य ढुङ्गेलले राष्ट्रिय मानव अधिकार संस्थाको विश्वव्यापी सञ्जालले (गानरी) को उपसमितिले नेपालको मानव अधिकार आयोगलाई 'क' श्रेणीमै कायम राख्नुमा इन्सेक लगायत सङ्घसंस्थाको सामूहिक साथ र पहलले अहम् भूमिका खेलेको बताउनु भयो । ढुङ्गेलले राष्ट्रिय मानव अधिकार आयोगसम्बन्धी ऐन र कानुन निर्माण गर्ने सवालमा नागरिक समाजका प्रतिनिधिसँग व्यापक रूपमा छलफल तथा परामर्श गर्ने प्रतिबद्धता समेत जनाउनु भयो । मानव अधिकार रक्षकसम्बन्धी ऐन बनाउनु पर्ने तथा सङ्क्रमणकालीन न्यायको विषय छिटो टुङ्गिनु पर्ने र पीडितले न्याय पाउनु पर्ने उल्लेख गर्दै ढुङ्गेलले मानव अधिकार आयोगसम्बन्धी कानुन बनाउने सम्बन्धमा कानुन निर्माता संसद तथा राष्ट्रिय सभा अध्यक्षले अग्रणी भूमिका निर्वाह गर्नु पर्नेमा जोड दिनुभयो ।

मानव अधिकार आयोगका पूर्व सदस्य तथा इन्सेकका सल्लाहकार सुशील प्याकुरेलले नागरिकको अधिकारको संरक्षण कानुन बनाएर मात्र नहुने उल्लेख गर्दै त्यसको प्रभावकारी कार्यान्वयन जरुरी रहेको बताउनु भयो । प्याकुरेलले मानव अधिकारको मुख्य विषय जबाफदेहिता रहेकाले दुई वर्षमा सरकारले जम्मा एउटा मात्र कानुन मात्र बनाउन सफल भएका कारण जनतालाई त्यसबारे जबाफ दिनु पर्ने उल्लेख गर्नुभयो । गणतन्त्र प्रजातन्त्रको उच्चतम रूप भए पनि कानुनी शासन भएको मुलुकमा सरकारले पीडकलाई नै संरक्षण गरेका कारण न्याय माग गर्दै आरती शाहका आफन्त र भारती शेर्पा सडकमा आउनु राज्यका लागि लज्जाको विषय भएको प्याकुरेलको भनाई थियो ।

त्यस्तै गैरसरकारी संस्था महासङ्घकी उपाध्यक्ष भावना भट्टले सङ्क्रमणकालीन न्यायको विषय कायमै रहेको र पीडितले न्याय नपाउँदा शान्ति प्रक्रिया टुङ्गिएको महसुस नभएको बताउनु भयो ।

भट्टले अन्य देशको तुलनामा नेपालको संविधान उत्कृष्ट बने पनि कार्यन्वयनको पाटो कमजोर भएकाले आम नागरिकले मानव अधिकारको पूर्ण अनुभूति गर्न नपाएको समेत उल्लेख गर्नुभयो । नागरिक समाज र आम मानिसको बलमा जनान्दोलन मार्फत व्यवस्था परिवर्तन भए पनि सत्ता सञ्चालन गर्ने राजनीतिक दलका नेताहरूको आचरण शाहीकालीन राजा जस्तै रहेकाले गम्भीर मानव अधिकार उल्लङ्घन गर्ने पीडकले आममाफी पाइरहेको उहाँले उल्लेख गर्नुभयो ।

मानव अधिकारकर्मी प्रदीप पोखरेलले संविधान निर्माण भएर दुई/दुई ओटा आवधिक निर्वाचन भए पनि अझै कानुन निर्माणले पूर्णता प्राप्त गर्न नसक्नु मुख्य राजनीतिक दलको कमजोरी मुख्य रहेको उल्लेख गर्नुभयो । नेपालको मानव अधिकारको आन्दोलन र मानव अधिकारसम्बन्धी विश्वसनीय तथ्याङ्क इन्सेक बिना अपुरो रहने बताउँदै पोखरेलले कानुनलाई पूर्णता दिने कुराको आन्दोलनको नेतृत्व लिन इन्सेकलाई आग्रह गर्नुभयो ।

# द्वन्द्वपीडितको स्मृति समेट्दै मानव अधिकार अभिलेखीकरण गर्नुपर्नेमा सरोकारवालाको जोड




द्वन्द्वपीडित एवम् मानव अधिकारकर्मीहरूले आगामी दिनमा द्वन्द्वपीडितको स्मृति समेट्दै मानव अधिकार अभिलेखीकरण गर्नु पर्नेमा जोड दिएका छन् । इन्सेक लगायत १८ ओटा सङ्घ संस्थाको आयोजना र राष्ट्रिय स्मृति सञ्जालको संयोजनमा आयोजना भइरहेको प्रथम राष्ट्रिय स्मृति सम्मेलनको 'मानव अधिकार दस्ताबेज, द्वन्द्वको समयमा स्मृति दस्तावेजीकरण' शिर्षकको कार्यशालामा बोल्दै वक्ताहरूले उक्त कुरामा जोड दिएका हुन् ।

कार्यशालामा आफ्ना भनाई राख्दै इन्सेकका अध्यक्ष डा. कुन्दन अर्यालले १० वर्षे द्वन्द्वका क्रममा इन्सेककर्मीले मानव अधिकारका घटना अभिलेखीकरण गर्ने क्रममा राज्य र तत्कालीन विद्रोही पक्षसँग समदुरीमा रहेर निष्पक्ष रूपमा काम गरेको बताउनु भयो ।

डा. अर्यालले द्वन्द्वका समयमा मानव अधिकार उल्लङ्घनका घटना अभिलेखीकरण गर्ने क्रममा आजका दिनमा भएका अभिलेख भोलिका दिनका लागि प्रत्यक्ष स्मृति रहन्छन् र ति स्मृति इतिहास लेखनमा समेत काम लाग्नेछन् भन्ने हिसाबले तत्कालीन द्वन्द्वका समयमा काम गरेका कारण आज इन्सेकसँग द्वन्द्वकालीन घटना र पीडितका स्मृतिहरू समेटिएका महत्वपूर्ण प्रकाशनहरू रहेको उल्लेख गर्नुभयो । अर्यालले द्वन्द्वपीडितहरूको स्मृति समाजमा जीवित रहनु पर्ने, त्यो स्मृतिबाट इतिहास लेखिनु पर्ने र त्यसैका आधारमा पीडितले न्याय पाउनु पर्नेमा जोड दिनुभयो ।

त्यस्तै कार्यक्रममा बोल्दै मानव अधिकार आयोगका सदस्य माननीय डा. सुर्य ढुङ्गेलले द्वन्द्वको अभिलेख र स्मृति राख्न नेपाल सरकार र नागरिक समाजले कम्बोडियाबाट उदाहरण लिन सक्ने बताउनु भयो । ढुङ्गेलले आयोगले मानव अधिकार आयोगको कक्षमा गएको चार महिनादेखि मानव अधिकार अभिलेखीकरण केन्द्र स्थापना भएको बताउँदै द्वन्द्वबाट प्रभावित भएका पीडितहरूले त्यहाँ गएर आफ्ना स्मृति र भोगाइहरूलाई समेट्न सक्ने उल्लेख गर्नु भयो । उहाँले द्वन्द्वबाट प्रभावित हरेक व्यक्तिको आफ्नो स्मृति रहेकाले ति सबै स्मृतिहरूलाई सामूहिक रूपमा एकीकृत गर्दै मानव अधिकार अभिलेखीकरण गर्नु पर्नेमा जोड दिनुभयो ।

त्यस्तै द्वन्द्वपीडित अधिकारकर्मी सुमन अधिकारीले राज्य पक्षले जहिल्यै पनि इतिहास लोप भएर जाओस भन्ने चाहना राख्ने भएकाले द्वन्द्वपीडितहरूको न्यायको लडाईका लागि उनीहरूको स्मृतिको यथार्थ अभिलेखीकरण जरुरी रहेको औंल्याउनु भयो । अधिकारीले द्वन्द्व प्रभावित परिवारबारे समाजमा स्थापित गलत भाष्य चिर्न पनि पीडित पक्षको भोगाई सुनेर मानव अधिकारका दस्तावेज अभिलेखीकरण गरिनु पर्ने बताउनु भयो । उहाँले तथ्य नै निरुपण नभएको अवस्थामा स्मृतिका अभिलेखीकरण अझ महत्वपूर्ण रहेकाले नागरिक समाज र राज्यका विभिन्न निकायले द्वन्द्वपीडितको स्मृति लेखनमा सहयोग पुऱ्याउनु पर्नेमा जोड दिनुभयो ।

त्यस्तै द्वन्द्वपीडित अधिकारकर्मी सुशिला चौधरीले पीडितको स्मृति सत्य, न्याय र परिपूरणसँग जोडिएको विषय भएकाले उनीहरूका भोगाईलाई समेटेर मानव अधिकार अभिलेखीकरण हुनु पर्ने बताउनु भयो । चौधरीले आजका अभिलेख भोलिका स्मृति बन्ने र कालान्तरमा तिनीहरू इतिहास बन्ने भएकाले पीडितको व्याख्या तोडमोड नगरीकन मानव अधिकार उल्लङ्घनका घटनाहरूको अभिलेखीकरण हुनु पर्ने बताउनु भयो । उहाँले स्मृतिले सत्य स्थापना सहयोग गर्न सहयोग पुऱ्याउने भएकाले पीडितको स्मृति लेखन कार्यमा सरकार र मानव अधिकार आयोग र इन्सेक जस्ताले पीडितसँग समन्वय र सहकार्य गर्नु पर्नेमा जोड दिनुभयो ।

# इन्सेकको पहलमा २१ सदस्यीय वातावरण अधिकार रक्षक राष्ट्रिय सञ्जाल गठन




अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) र डिसिए नेपालद्वारा सञ्चालित संरक्षण परियोजना अन्तर्गत इन्सेक सचिवालय रहने गरी २१ सदस्यीय वातावरण अधिकार रक्षक राष्ट्रिय सञ्जाल गठन गरिएको छ । काठमाडौँमा ०८० मङ्सिर २९ गते आयोजित 'वातावारणका क्षेत्रमा काम गर्ने मानव अधिकार रक्षकहरूको अवस्था' विषयक अन्तरक्रिया कार्यक्रमकाबीच उक्त सञ्जाल गठन गरिएको हो ।

कार्यक्रममा इन्सेकका वरिष्ठ अधिकृत कृष्ण गौतमले वातावरण संरक्षण सबैको साझा चुनौती भएको बताउँदै साझा रूपमा वातावरण संरक्षणमा सबै जना आ-आफ्नो ठाउँबाट सङ्गठित भएर लाग्नु पर्ने बताउनु भयो । मानिसले विकासको होडमा वातावारणमाथि ठूलो शोषण गरेको र आफ्नो जीवनको अस्तित्वलाई दाउमा राखेको उल्लेख गर्दै उहाँले स्थानीय व्यक्तिसँग मिलेर समुदायस्तरमा फोहरमैला व्यवस्थापन, वृक्षरोपण र संरक्षण, वातावरण प्रदुषणसँग सम्बन्धित चेतनामुलक कार्यक्रम गर्नु पर्नेमा जोड दिनुभयो ।

त्यसैगरी मानव अधिकार एलायन्सका बागमती प्रदेश संयोजक श्यामकृष्ण श्रेष्ठले स्थानीय तहका जनप्रतिनिनिधिको मिलेमतोमा ठेकेदार रथ क्रसर उद्योगले ढुङ्गा, गिट्टी, बालुवाको अनिश्चित प्रयोगका कारण खोलानाला छेउका बस्तीका हजारौं व्यक्तिहरूको उठिबास भएको र त्यसको विरोध गर्दा कैयौँ स्थानीय अभियन्ताले ज्यान समेत गुमाउनु परेकाले राज्यले वातावरण संरक्षणको क्षेत्रमा काम गर्ने मानव अधिकार रक्षकहरूको सुरक्षामा ध्यान दिनुपर्ने बताउनु भयो ।

उहाँले सडक लगायत विकास निर्माणका क्रममा १०/२० वर्ष अगाडिदेखि नै चौतारी भत्काउँदा, पानीका मुहान भत्काउँदा र तालतलैया पुर्दा स्थानीय मानिसले त्यसको वास्ता नगरेको तर जलवायु परिवर्तनका कारण तापक्रम वृद्धि हुँदै गएपछि उनीहरूले अहिले त्यस्ता स्रोत साधनको अभाव महसुस गर्ने गरेको उल्लेख गर्नुभयो ।

त्यस्तै बाल विकास समाजका कार्यकारी निर्देशक कृष्णप्रसाद सुवेदीले रासायनिक मलको जथाभावी प्रयोग गरिँदा नेपालको माटोको उर्वर शक्ति गुमिरहेको कुरामा जोड दिँदै गर्दै अहिले वातावरण संरक्षणको मुख्य चुनौती माटो र पानीको संरक्षण भएको बताउनु भयो । नेपाल सरकारको बजेट वातावरणमैत्री नभएको उल्लेख गर्दै सुवेदीले तीनै तहका स्थानीय तहलाई वातावरण संरक्षणका लागि जवाफदेही बनाउनु पर्नेमा जोड दिनुभयो ।

पृथ्वी रहेमात्र मानिसको अस्तित्व सम्भव रहेको कुरामा जोड दिँदै उहाँले वातावरण संरक्षण गर्ने पुर्खाको ज्ञान र सीपलाई छाडेमा भविष्यमा युवा पुस्ता पछुताउनु पर्ने उल्लेख गर्नुभयो ।

त्यस्तै अधिकारकर्मी श्रीराम बजगाईंले अधिकारको कुरा गर्दा मानिसले आफ्नो कर्तब्य बिर्सन नहुनेमा जोड दिँदै वातावरण संरक्षणको काम घर, टोल र समाजबाटै सुरु गर्नु पर्ने बताउनु भयो । उहाँले प्राकृतिक स्रोतको जथाभावी उत्खनन् र दुरुपयोगले वातावारण संरक्षणमा गम्भीर चुनौती थपिएकाले नयाँ गठित वातावरण रक्षकहरूको सञ्जालले आधारभूत तहदेखि नै वातावरणको मुद्दा मानव अधिकारको मुद्दा हो भन्ने स्थापित गर्नु पर्नेमा जोड दिनुभयो ।

राष्ट्रिय मानव अधिकार आयोगका प्रतिनिधि दिपेन्द्रबहादुर सिंहले पानीको अभाव र बाढीपहिरोका कारण धेरै मानिस आफ्नो थातथलो छाडेर वर्षेनी विस्थापित हुनुपरेको उल्लेख गर्दै वातावरण विनासको सवाल पृथ्वीमा रहेका सबै जीवित प्राणीको सवाल हुनुपर्ने बताउनु भयो । उहाँले



स्थानीय तहबाट निस्कने फोहोरजन्य सामग्री नदी, तालतलैया र जङ्गल लगायत स्थानमा लगेर विस्थापित गरिँदा जलचर र पशुपंक्षीको वासस्थानमा असर परिरहेको उल्लेख गर्नुभयो ।

त्यसैगरी सामुदायिक वन उपभोक्ता महासङ्घकी महासचिव पार्वता गौतमले महासङ्घसँग आबद्ध देशभरका २९ लाख परिवारले सामुदायिक वन जङ्गलको संरक्षण मार्फत वातावरण संरक्षणमा योगदान गरिरहेको बताउनु भयो । उहाँले सरकारको राष्ट्रिय निकुञ्ज संरक्षण र वन्यजन्तु संरक्षणसम्बन्धी ऐन कानुनका कारण राष्ट्रिय निकुञ्ज, मध्यवर्ती क्षेत्रका वन र नदिसँग आश्रित समुदाय अति प्रभावित भएको उल्लेख गर्नुभयो ।

## महिलामाथि हुने हिंसा रोक्न तीनै तहका सरकारको जागरूकता आवश्यक

महिलामाथि हुने हिंसा रोक्न तीनै तहका सरकारको जागरूकता आवश्यकता रहेकामा इन्सेकले जोड दिएको छ । लैङ्गिक हिंसाविरूद्धको १६ दिने अभियानको १६ दिनमा इन्सेक अनलाइनमा प्रकाशित समाचारका आधारमा महिला तथा बालिकाविरुद्ध भएका हिंसासम्बन्धी घटनाको अध्ययन प्रतिवेदन जारी गर्दै इन्सेकले महिला अधिकारको रक्षार्थ सरकारको जागरूकतामा जोड दिएको हो ।

'महिला अधिकारको रक्षाका लागि लागु गरिएका कानुनहरूको कार्यान्यवनमा तीनै तहका सरकारको जागरुकता आवश्यक रहेको छ ।'-प्रतिवेदनमा उल्लेख छ ।

इन्सेकका अध्यक्ष डा. कुन्दन अर्यालद्वारा मङ्सिर २५ गते जारी प्रतिवेदनमा भनिएको छ-'महिलासँग सम्बन्धित कानुनी प्रावधान एवम् राजनीतिक सहभागितामा क्रमशः भएको वृद्धि सकारात्मक छ । तर, विभिन्न खाले संरचनात्मक एवम् लैङ्गिक हिंसाबाट महिला तथा लैङ्गिक अल्पसङ्ख्यक पीडित हुँदै आएका छन् ।'

(२०२३ नोभेम्बर २५ देखि डिसेम्बर १० सम्म) प्रदेशका आधारमा महिला तथा बालिकाविरूद्धका घटना--

नेपालको संविधान (२०७२) को धारा ३८ को उपधारा ३ ले महिलाविरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक, परम्परा, प्रचलन वा अन्य कुनै पनि आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमका हिंसाजन्य कार्य वा शोषण गर्न नपाइने कुरा उल्लेख गरेको छ । तर, समाजमा कानुन विपरितका घटना सार्वजनिक भइरहेका छन् ।

महिलामाथि हुने घरेलु हिंसा नियन्त्रण कसुर सजाय ऐन २०६६ कार्यान्वयनमा । लिङ्गका आधारमा महिला तथा बालिकामाथि हुने हिंसा र हत्याका घटनामा बृद्धि हुँदै आएको विभिन्न तथ्याङ्कले देखाएका छन् ।

# अधिकार दुई परियोजनाको सिकाई तथा अनुभव आदानप्रदान कार्यक्रम सम्पन्न




अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को आयोजनामा कर्णाली प्रदेशमा सञ्चालित अधिकार दुई परियोजनाको सिकाई तथा अनुभव आदानप्रदान कार्यक्रम ०८० कात्तिक २४ गते काठमाडौँमा सम्पन्न भएको छ ।

कार्यक्रममा बोल्दै इन्सेकका अध्यक्ष डा. कुन्दन अर्यालले डिसिए एक्ट एलायन्सको सहयोगमा सञ्चालित परियोजनाले कर्णाली प्रदेशलाई मानव अधिकारमैत्री बनाउने अभियानमा एउटा खुड्किलो थप्न सफल भएको बताउनु भयो । परियोजनाले मानिसलाई के कति उत्प्रेरणा जगाउन सफल भयो र कति सजग बनायो भन्ने विषयले परियोजनाको सफलताको मापन गर्ने उल्लेख गर्दै अर्यालले अधिकार दुई परियोजनापछि गठन भएको कर्णाली प्रदेश स्तरीय मानव अधिकार रक्षक सञ्जालले घरेलु हिंसाबाट पीडित कैयौँलाई उद्दार गरेर न्याय दिलाउन सफल भएको भन्दै खुशी व्यक्त गर्नुभयो ।

कार्यक्रमका विशिष्ट अतिथि रहनुभएकी राष्ट्रिय महिला आयोगका सदस्य कृष्ण कुमारी पौडेल (खतिवडा) ले संविधान र कानुनले महिला हिंसा र जातीय छुवाछुत गर्ने विषयलाई दण्डनीय अपराधको रुपमा व्याख्या गरे पनि कानुनको कडा कार्यन्वयन नहुँदा कर्णाली प्रदेश लगायत ठाउँमा अझै पनि महिला हिंसा र दलित समुदायमाथि हुने छुवाछुतका घटनामा कमी आउन नसकेको उल्लेख गर्नुभयो । आफ्नो हक र अधिकारका लागि दलित र महिला समुदायका नागरिकहरू राजनीतिक दलका नेता कार्यकर्ताका रूपमा विभाजित नभएर एक हुन जरुरी भएको उल्लेख गर्दै खतिवडाले दलित समुदायका महिलामाथि हुने हिंसा अन्त्यका लागि राज्यका तीनै तहका निकाय जिम्मेवार हुनु पर्नेमा जोड दिनुभयो ।

राष्ट्रिय दलित आयोगका सदस्य मेहेले पार्कीले गैरदलित समुदायकी छोरी विवाह गरेकै भरमा जुम्लामा दलित समुदायको युवाको घरमा केटी पक्षले आगो लगाइदिएको घटना स्मरण गर्नुहुँदै कर्णाली प्रदेशमा गैरदलित पक्षले दलित समुदायका मानिसलाई छुन नहुने र उनीहरूले पकाएको खान नहुने मान्यता अझै व्याप्त रहेको बताउनु भयो ।

पार्कीले कर्णाली प्रदेशका दलित समुदायको उत्थानका लागि कर्णाली प्रदेशमा दलित विकास समिति गठन गर्नु पर्ने बताउँदै दलित समुदायको हक अधिकारका लागि संविधानमा उल्लेखित कानुन कार्यन्वयन गर्ने पाटोमा स्थानीय तहका निकाय र जनप्रतिनिधिको अहम् भूमिका हुने उल्लेख गर्नुभयो ।

कार्यक्रममा बोल्दै राष्ट्रिय मानव अधिकार आयोगका प्रतिनिधि दिपक थापाले दलित समुदायको हक अधिकारका लागि संविधानमा उल्लेखित विषय, सरकारका निर्णय र अदालतबाट भएका फैसलाहरू कार्यन्वयन भए नभएको कुरा नागरिक समाजले तथा मानव अधिकार रक्षकहरूले अनुगमन गर्नु पर्ने बताउनु भयो ।

त्यस्तै ड्यान चर्च एडकी कन्ट्री डिरेक्टर सम्झना बिष्टले घरेलु हिंसाका घटना न्यूनीकरणका लागि पति पत्नीबीचमा सम्बन्ध प्रगाढ हुनु पर्ने उल्लेख गर्नुभयो । कर्णाली प्रदेशमा धेरैजसो महिला हिंसाका घटना दाइजो र रुढिवादी परम्पराका कारण घटिरहेको बताउँदै बिष्टले महिला हिंसा न्यूनीकरणका लागि सम्पतिको हकमा समान पहुँच स्थापित हुनु पर्ने र आर्थिक रूपमा महिलालाई सबल बनाउनु पर्नेमा जोड दिनुभयो ।

त्यसैगरी मानव अधिकार रक्षक सञ्जाल कर्णाली प्रदेशका संयोजक पिताम्बर ढकालले अरुको हक अधिकारका लागि लड्दै आएका मानव अधिकार रक्षकहरूको सुरक्षा र संरक्षणमा कानुनको आवश्यक रहेको कुरामा जोड दिनुभयो ।

# मानव अधिकार रक्षकको सुरक्षा र संरक्षण विषयक अन्तरक्रिया सम्पन्न




अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को आयोजनामा मानव अधिकार रक्षकको सुरक्षा र संरक्षण विषयक अन्तरक्रिया कार्यक्रम ०८० मङ्सिर ३० गते सम्पन्न गरिएको छ । उक्त कार्यक्रममा इन्सेकले तयार परेको मानव अधिकार रक्षकको सुरक्षा र संरक्षण मस्यौदा विधेयक २०७८ उपरसमेत छलफल गरिएको थियो ।

कार्यक्रममा मधेस प्रदेश सभाका सभामुख रामचन्द्र मण्डलले मानव सभ्यताको इतिहासमा द्वन्द्व, अन्याय, उत्पीडन र हिंसा हुने गरेतापनि भविष्यमा मानव अधिकारमैत्री समाज र मानव अधिकार रक्षकहरूका लागि सुरक्षित वातावरणको आवश्यक्ता रहेको बताउनु भयो । मानव अधिकार रक्षकको सुरक्षा र संरक्षणसम्बन्धी मस्यौदा विधेयकमा मानव अधिकार रक्षकहरूको विषयवस्तुका बारेमा मजबुतीका साथ उल्लेख गरेको सभामुख मण्डलले बताउनु भयो ।

इन्सेकका अध्यक्ष डा. कुन्दन अर्यालले मानव अधिकारको विश्व व्यापि घोषणा पत्र, मानव अधिकार सम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजना र मानव अधिकार रक्षक सम्बन्धी निर्देशिका २०७७ को मर्म बमोजिम मानव अधिकार रक्षकहरूको सुरक्षार्थ ऐन आवश्यक भएकोले प्रदेश सभा मार्फत सबै राजनीतिक दलका प्रदेश सभाका सदस्यहरूको समर्थनमा उक्त ऐन ल्याइनु पर्नेमा जोड दिनु भयो ।

विधेयकले मानव अधिकार रक्षकहरूको परिभाष, दायित्व, कर्तव्य र आचरणलाई व्याख्या गरेको कारण मानव अधिकारको रक्षकहरूको क्षेत्र समेत तय गर्न सहज हुने उहाँले बताउनु भयो । मानव अधिकार संरक्षण र सम्बर्द्धनको प्रमुख दायित्व स्थानीय सरकारको रहेको भन्दै जनप्रतिनिधि र मानव अधिकार रक्षकहरूले निश्पक्षता पूर्वक काम गर्न आवश्यक रहेको इन्सेकका अध्यक्ष डा. अर्यालले बताउनु भयो । संघीयता तथा वर्तमान व्यवस्थालाई दिर्घकालसम्म जीवित राख्नका निम्ति मानव अधिकार सक्षकहरूको सुरक्षा अपरिहार्य रहेको उहाँको भनाई थियो ।

मधेस प्रदेशका मुख्य न्यायाधिवक्ता वीरेन्द्र कुमार ठाकुरले मानव अधिकार रक्षकको सुरक्षा र संरक्षण सम्बन्धी प्रस्तुत विधेयक मानव अधिकारको भविष्य र दुरदर्षिताका लागि आवश्यक रहेको बताउँदै विधेयकमा उल्लेखित मानव अधिकार रक्षकहरूको परिभाषा स्पष्ट हुने गरी व्याख्या हुनु पर्ने बताउनु भयो ।

मधेस प्रदेश सभाका सचिव मनोज कुमार गिरीले विधेयकलाई ऐन बनाउनका निम्ति आवश्यक संशोधन र परिमार्जनका सन्दर्भमा दफाबार टिप्पणी गर्नु भयो ।

मधेस प्रदेश गृह, सञ्चार तथा कानुन मन्त्रालयका निमित्त सचिव उत्तम प्रसाद खरेलले मानव अधिकार रक्षकको सुरक्षा र संरक्षण सम्बन्धी विधेयकमा आवश्यक संशोधन र औचित्य सहितको स्पष्टताका लागि सहयोग गर्न मन्त्रालय तयार रहेको जानकारी दिनु भयो ।

एडभोकेसी फोरमका कार्यकारी निर्देशक विकास बस्नेतले विधेयकमाथिको स्वतन्त्रता, मानव अधिकार रक्षकको स्पष्ट परिभाषा, मानव अधिकार रक्षकहरूको सम्मान र नियमनकारी निकायको स्पष्टताका सन्दर्भमा अतिरिक्त छलफलको आवश्यक्ता रहेको बताउनु भयो ।

इन्सेक मधेश प्रदेशका संयोजक राजु पासवानले मानव अधिकार रक्षका सम्बन्धी विश्व व्यापी घोषणा पत्र, मानव अधिकार रक्षकका लागि राज्य मार्फत ल्याइएका प्रावधानहरू, मानव अधिकार रक्षकहरूको वर्तमान अवस्था र मानव अधिकार रक्षकको सुरक्षा र संरक्षण सम्बन्धी विधेयकको औचित्यताको विषयमा प्रस्तुतीकरण गर्नु भएको थियो ।

मस्यौदा विधेयकमा उल्लेखित मानव अधिकार रक्षकको सुचि तयार गर्ने, मानव अधिकार रक्षकको अभिलेख

र वर्गीकरण गर्ने, परिचय पत्र सम्बन्धी व्यवस्था, मानव अधिकार रक्षकको सुरक्षा सम्बन्धी व्यवस्था र प्रदेशमा मानव अधिकार रक्षक सुरक्षा र संरक्षण परिषद गठन गर्ने लगायतका प्रावधानका सन्दर्भमा छलफल गरिएको थियो ।

कार्यक्रममा नेकपा एमालेका प्रमुख सचेतक हरिनारायण महतो, नेपाली काँग्रेसका प्रमुख सचेतक कुमरकान्त झा, एकीकृत समाजवादीका प्रदेश सभा सदस्य रत्नेश्वरलाल गोइत, एमालेका प्रदेश सभा सदस्य शारदा देवी थापा, जनता समाजवादी पार्टीका प्रदेश सभाका उपप्रमुख सचेतक ममता मण्डल, जनमत पार्टीका प्रदेश सभा सदस्य अनिता साह, विभिन्न राजनीतिक दलका प्रतिनिधिहरू, नागरिक समाज, विभिन्न संघ संस्थाका प्रतिनिधि र पत्रकारहरूको उपस्थिति रहेको थियो ।

# ७५ औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको अवसरमा अन्तरक्रिया र वृक्षारोपण कार्यक्रम सम्पन्न






७५ औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको अवसरमा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा बटेश्वर गाउँपालिकामा गठित मानव अधिकार समूहले ०८० मङ्सिर २४ गते "सबैका लागि स्वतन्त्रता, समानता र न्याय" भन्ने नाराका साथ बटेश्वर गाउँपालिकाको मानव अधिकारको अवस्था विषयक अन्तरक्रिया र वृक्षारोपण कार्यक्रम सम्पन्न गरेको छ ।

अन्तरक्रियाका क्रममा बटेश्वर गाउँपालिकामा हुने गरेका आत्महत्या, छुवाछुत र दाइजो प्रथा जस्ता गलत क्रियाकलापहरूलाई न्यूनीकरण गर्नको लागि मानव अधिकार समूहले समुदाय र परिवार स्तरमा अभियानहरू सञ्चालन गर्नुपर्नेमा मानव अधिकार समूहका अध्यक्ष सुरज महतोले जोड दिनु भयो ।

मानव अधिकार समूह मधेस प्रदेशका सह सचिव हरिनारायण दासले जीवनकालसम्म पाउने सम्पूर्ण सेवा, सुविधा, स्वतंन्त्रता नै मानव अधिकार भएकाले समुदायमा हुने सम्पूर्ण हिंसा विरूद्ध समूहको पहल र अभियान जारी रहने बताउनु भयो ।

मानव अधिकारको विश्व व्यापि घोषणापत्र १० डिसेम्बर १९४८ मा जारी भएको हुँदा सोहि दिनको अवसरमा मानव अधिकारका क्षेत्रमा क्रियाशील संघ संस्था तथा व्यक्तित्वहरूले विभिन्न कार्यक्रम र अभियानहरूको आयोजना गरी मानव अधिकार दिवस मनाउँदै आएको धनुषा जिल्ला सहजकर्ता शिवजी परियारले बताउनु भयो ।

त्यस्तै, ७५ औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको अवसरमा बटेश्वर गाउँपालिका-५, शान्तिपुर मुस्लिम टोल स्थित मदरसाको प्राङ्गणमा वृक्षारोपण गरिएको छ । मदरसाका मौलबि मो. नजर मुद्दिनले अन्तर्राष्ट्रिय मानव अधिकार दिवसका दिनमा मानव अधिकार समूहले मदरसामा आइ वृक्षारोपण गर्नु अत्यन्तै सन्देशमूलक र सद्भावपूर्ण कार्य रहेको बताउनु भयो ।

# जनचेतनामूलक सडक नाटक प्रदर्शन



अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा बटेश्वर गाउँपालिका-४ स्थित श्री शिव शक्ति माध्यमिक विद्यालयमा गठन गरिएको बालअधिकार सचेतना समूहले ०८० मङ्सिर १३ गते सोही गाउँपालिकाको बजार चौकमा जनचेतनामूलक सडक नाटक प्रदर्शन गरेको छ ।

मानव अधिकारको प्रत्याभूति र सरोकारवाला निकायहरूलाई ध्यानाकर्षण गराउनको लागि सडक नाटक प्रभावकारी हुने गरेको संरक्षक शिक्षक लोक हरि खतिवडाले बताउनु भयो । त्यस्तै, मधेसमा व्याप्त रुपमा देखिएको बाल विवाह, असमान शिक्षा, महिला हिंसा, दाइजो प्रथा जस्ता कुसंस्कारलाई न्यूनिकरण गर्न सडक नाटक जस्ता जनचेतनामूलक कार्यक्रमहरू ग्रामिण भेगमा रहेका विपन्न तथा अति पिछडिएका समुदायलाई केन्द्रित गर्नु पर्नेमा बालअधिकार चेतना समूहका अध्यक्ष कृति कापरले जोड दिनु भयो ।

बटेश्वर गाउँपालिका मानव अधिकार समूहका अध्यक्ष सुरज महत्तोले शिक्षा र स्वास्थ्यको क्षेत्रमा देखिएको असमानता, महिला हिंसा तथा महिलाविरूद्ध हुने सबै किसिमका विभेदलाई अन्त्य गर्न बाल अधिकार सचेतना समूहका बालबालिकाहरूले प्रस्तुत गरेको जनचेतनामूलक सडक नाटक धेरै नै प्रशंसनीय रहेको बताउनु भयो ।

उक्त सडक नाटक प्रस्तुती सँगसँगै "लैङ्गिक हिंसा अन्त्यको सुनिश्चितता, महिला र बालबालिकामा लगानीको ऐक्यबद्धता" भन्ने मूल नाराका साथ १६ दिने अभियान बटेश्वार गाउँपालिकाको आयोजना, प्रदेश युवा संजाल, मानव अधिकार समूह मधेस प्रदेश र इन्सेक मधेस प्रदेशको समन्वयमा र्‍याली तथा हस्ताक्षर संकलन कार्यक्रम सम्पन्न गरिएको संजालका निवर्तमान इन्चार्ज पुजा साहले बताउनु भयो ।

सडक नाटक प्रदर्शनमा ज्योति कुमारी साह, काजल कुशवाहा, प्रिति कुमारी महतो, नागेन्द्र सिंह,राजु महतो, धिरज सिंह महतो, विवेक महतो, रमिला रूचाल, अनिशा सिंह कुशवाहा, सत्य नारायण ठाकुर, सृजना शर्मा, हिरा कुमारी यादव, अनिता कुमारी महतो, कृति कापर लगायतको सहभागिता रहेको धनुषा जिल्ला सहजकर्ता शिवजी परियारले जानकारी दिनु भयो ।

# मानव अधिकार शिक्षा कार्यक्रमको अनुगमन

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक ) केन्द्रीय कार्यालय मानव अधिकार प्रलेख विभागका प्रमुख मदन पौडेल नेतृत्वको टोलिले ०८० कात्तिक २२ र २३ गते मानव अधिकार शिक्षा कार्यक्रमको अनुगमन गरेको छ ।

अनुगमनको क्रममा कात्तिक २२ गते श्री जनता माध्यमिक विद्यालय, नक्टाझिजमा इन्सेकद्वारा गठित बाल अधिकार सचेतना समूहले मिथिला नगरपालिकामा आयोजना गरेको सडक नाटकको अनुगमन गरेको छ भने सटक नाटकको सन्दर्भमा स्थानीयसँग प्रतिक्रिया समेत लिनु भयो ।

प्रमुख मदन पौडेलले सडक नाटकको अवलोकन पश्चात बाल अधिकार सचेतना समूहद्वारा समुदाय स्तरमा रहेका शिक्षा, स्वास्थ्य, वातावरण र सबै प्रकारका हिंसा तथा विभेद विरुद्ध जनचेतना फैलाउने पक्षमा महत्वपूर्ण भूमिका खेलेको बताउनु भयो ।

उहाँले इन्सेक मार्फत सडक नाटक प्रर्दशन सम्बन्धी अभिमुखीकरण तालिम सञ्चालन गरी बाल अधिकार सचेतना समूहमा आबद्ध बालबालिकाहरूको व्यक्तित्व विकास र क्षमता अभिवृद्धिमा योगदान पुर्‍याउने बताउनु भयो ।

यसैबिच उक्त टोलीले कात्तिक २३ गते श्री जनाता माध्यमिक विद्यालय, नक्टाझिजमा बाल अधिकार सचेतना समूहसँग अन्तरक्रिया कार्यक्रम समेत गरेको छ । अन्तरक्रियाको क्रममा निर्देशक पौडेलले बाल अधिकार सचेतना



समूहले सञ्चालन गरेका अभियानहरू समसमायिक सवालहरूमा केन्द्रित सडक नाटकहरू निकै लोकप्रिय र आकर्षक रहेको बताउँदै बालबालिकाहरूलाई बाल अधिकारको रक्षार्थ अभियान चलाउन इन्सेकको सहयोग रहने बताउनु भयो ।

इन्सेक मधेस प्रदेश संयोजक राजु पासवानले बाल अधिकार सचेतना समूहले विगतको वर्षदेखि नै बाल अधिकारको संरक्षण र सम्बर्द्धनका लागि निर्वाह गरेको भूमिका अत्यन्तै सराहनीय रहेको बताउँदै आगामि दिनमा समेत बाल अधिकारका अभियानलाई हरेक विद्यालय, समुदाय र घर घरमा पुऱ्याउनु पर्नेमा जोड दिनुभयो ।

इन्सेक मधेस प्रदेशका सहायक अधिकृत बरुण बस्यालले मानव अधिकार शिक्षा कार्यक्रम मार्फत स्थानीय समुदायलाई उनीहरूको अधिकार र दायित्वप्रति सचेत पार्दै जिम्मेवार निकायलाई जवाफदेही बनाउन मानव अधिकार शिक्षा कार्यक्रम अन्तर्गत गठित समूहहरू मधेस प्रदेशमा क्रियाशिल भएर लागिपरेको र आगामि दिनमा यस अभियानलाई थप प्रभाकारी बनाउँदै लैजाने बताउनु भयो ।

यसैगरी श्री शिव शक्ति माध्यमिक विद्यालय, बटेश्वरमा गठित बाल अधिकार सचेतना समूहद्वारा आयोजित विविध साँस्कृतिक कार्यक्रमलाई सम्बोधन गर्दै इन्सेकका निर्देशक पौडेलले साँस्कृतिक अधिकारको संरक्षण र सम्बर्द्धनका लागि बाल अधिकार सचेतना समूहमार्फत सञ्चालित यसता अतिरिक्त क्रियाकलापहरूले बालबालिकाहरूलाई विभिन्न क्षेत्रमा अवसर प्रदान गर्ने र उनीहरूको प्रतिभा प्रर्दशनका लागि अवसर प्राप्त हुने बताउनु भयो ।

उक्त साँस्कृतिक कार्यक्रममा बालबालिकाहरूले लघु कथा तथा नृत्य र कविता वाचन लगायतका क्रियाकलापहरू प्रस्तुत गरेका थिए ।

त्यस्तै, अनुगमनकै क्रममा इन्सेक मधेस प्रदेश संयोजक राजु पासवानको अध्यक्षतामा प्रदेश कार्यालयमा बसेको बैठकमा इन्सेकका निर्देशक पौडेलले मानव अधिकार शिक्षा कार्यक्रम मधेस प्रदेशमा निकै प्रभावकारी रहेको बताउँदै आगामि दिनमा यसलाई अझ राम्रो बनाउँदै लगेमा मानव अधिकार शिक्षा अभियानले सार्थकता पाउने बताउनु भयो । यसैगरी मानव अधिकार प्रलेख तथा प्रशार कार्यक्रम अन्तर्गत मानव अधिकार उल्लंघन घटनाहरूको अभिलेखिकरण गर्दै पीडितहरूको न्यायमा पहुँच अभिवृद्धि गर्न इन्सेक केन्द्रीय कार्यालय, प्रदेश कार्यालय र जिल्ला प्रतिनिधिहरूको महत्वपूर्ण भूमिका रहेको इन्सेकका निर्देशक पौडेलले बताउनु भयो ।

उहाँले प्रदेश आलेख मार्फत मानव अधिकार वर्ष पुस्तक २०२४ मा मधेस प्रदेशको हरवा चरवाको अवस्था बारे गरिएको अध्ययन समेटिने बताउनु भयो ।

# न्यायको पहलका लागि पीडितद्वारा इन्सेकमा निवेदन

औरही गाउँपालिका-१ झिटकैहीया की बोक्सी घटनाकी पीडित ५५ वर्षीया बिल्टी देवी यादवलाई न्यायको लागि पहल गरिदिन हुन पीडित पक्षले इन्सेक मधेस प्रदेश कार्यालय जनकपुरधाममा ०८० कात्तिक १५ गते निवेदन दिनु भएको छ ।

पीडितलाई असोज ११ गते राति औरही गाउँपालिका-१ झिटकैहीया का ३२ वर्षीय रामनाथ यादव र उनका ४० वर्षीय दाजु रामजी यादवले बाक्सीको आरोपमा कुटपिट गरी घाइते बनाएको भन्दै पक्षले जिल्ला प्रहरी कार्यालय धनुषामा असोज १२ गते उजुरी दिएपनि न्याय नपाएको हुँदा न्याय को लागि पहल गरिदिन हुन इन्सेक मधेस प्रदेश कार्यालय जनकपुरधाममा निवेदन दिएको पीडितले बताउनु भयो ।

पीडितको उपचार प्रादेशिक अस्पताल जनकपुरधाममा असोज ११ गते राती भएको थियो ।

आरोपित रामनाथको ६ महिनाको छोरा बिरामी भएपछि सोही वडाका पुलगेन यादवको पत्नी धामीझाँक्रीले बिल्टी देवीले बोक्सी लगायको भने पछि आरोपित दुबैजनाले खुकुरी र भाटा लिएर पीडित बिल्टी देवीलाई कुटपिट गरेको पनि प्रहरी प्रशासनले घटनालाई वेवास्ता गरेएकोले न्यायका लागि पहल गरिदिन हुन पीडितले निबेदन दिनु भयो ।



मिति : २०८० कात्तिक १५ गते

श्री प्रदेश संयोजक ज्यु
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
मधेश प्रदेश कार्यालय, जनकपुर ।

**विषय** : न्यायका लागि पहल गरिदिनु हुन ।

औरही गाउँपालिका वडा नं. १ झिटकैहिया टोल बस्ने ५५ वर्षीया विल्टी देवी यादवलाई बोक्सीको आरोपमा २०८० असोज ११ गते राती सोही ठाउँका ३२ वर्षीय रामनाथ यादव र उहाँकै ४० वर्षीय भाई रामजी यादवले कुटपिट गरी घाइते बनाएको भन्दै जिल्ला प्रहरी कार्यालय धनुषामा असोज १२ गते उजुरी दिएपनि न्याय नपाएको हुँदा न्यायको लागि पहल गरिदिनु हुन अनुरोध गर्दछु ।

पीडित विल्टी देवीको प्रादेशिक अस्ताल जनकपुरधाममा उपचार गरी घाउँजाँच प्रतिवेदन समेत प्रहरीमा बुझाएको छु । आरोपित रामनाथको ६ महिनाको छोरा विरामी भएपछि सोही ठाउँका फुलगेन यादवको पत्नी धामी झाक्रीले विल्टी देवीले बोक्सी लगाएको भने पछि आरोपित दुवै जनाले खुकुरी र भाटा लिएर आई आमा विल्टी देवीलाई कुटपिट गरेको तर प्रहरी प्रशासनले घटनाप्रति गम्भीरतापूर्वक घटनालाई नलिइकन वेवास्ता गरिरहेकोले न्यायका लागि पहल गरिदिनु हुन यो निवेदन पेश गरेको छु ।

निवेदक
रामइश्वर यादव
सम्पर्क नम्बर : ९८१४८२४०२१

## बागमती प्रदेश

# बाल विवाहसम्बन्धी सडक नाटक प्रदर्शन

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) बागमती प्रदेशले बाल अधिकार कार्यक्रम सञ्चालन गर्न मनहरी गाउँपालिका-४ स्थित श्री पशुपति माध्यमिक विद्यालयको बाल अधिकार समूहले ०८० मङ्सिर २१ गते बाल विवाहसम्बन्धी सडक नाटक प्रस्तुत गरेका छन् ।



मनहरी गाउँपालिका-४ स्थित श्री पशुपति माध्यमिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूले बाल विवाहसम्बन्धी नाटक प्रदर्शन गरेका हुन् । लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान अन्तर्गत बाल अधिकार समूहले चेतना मुलक नाटक प्रस्तुत गरिएको हो ।

श्री पशुपति माध्यमिक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा कार्यक्रमको प्रमुख अतिथि माधव गौतमले बाल विवाह पनि अपराध भएको बताउनु भयो । उहाँले प्रस्तुत नाटकमा देखाइएको दृष्यको प्रशंसा गर्दै बाल विवाह संविधान विपरीत भएकोले सबै अभिभावक र शिक्षकहरूले बालबालिकाहरूलाई समयमै सचेत गराउन सकेमा यस्तो घटना नहुने बताउनु भयो ।

समाजमा बालविवाह रोक्न सके बालबालिकाको भविष्य उज्ज्वल हुने, बाल अधिकार र मानव अधिकारको संरक्षण हुने, समाजमा शान्ति सुव्यवस्था कायम हुने भएकाले बालबालिकाको सुनौलो भविष्यका लागि कानुनको शासनको सम्मान गर्नु पर्ने श्री पशुपति माध्यमिक विद्यालयका सहायक प्रधानाध्यापक सुशील गौतमले बताउनु भयो ।

उक्त कार्यक्रममा बोल्दै मानव अधिकार समूहका संयोजक विमला गोपालीले बाल विवाहसम्बन्धी कार्यक्रम मार्फत धेरै समाजमा बाल विवाह न्यूनीकरण गर्न सकिने बताउनु भयो ।

# बागमती प्रदेशको मानव अधिकार अवस्था सार्वजनिक

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले ०८० कात्तिक १६ गते सन् २०२३ को तेस्रो त्रैमासक (जुलाई देखि सेप्टेम्बरसम्म) को अवधिमा मानव अधिकार अवस्था सार्वजनिक गरेको छ।

बागमती प्रदेशको अभिलेख अनुसार सन् २०२३ को तेस्रो तीन महिनाको अवधिमा यस प्रदेशमा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा २ सय १८ जना महिला, ९२ जना बालिका र पाँच जना बालक सहित ४ सय ४४ जना पीडित भए। जसमा राज्यपक्षबाट गिरफ्तारी, कुटपिट, घाइते र अभिव्यक्ति स्वतन्त्रताको अधिकार उल्लङ्घनको घटनामा २२ जना महिला सहित ८८ जना पीडित भए। अभिलेखित घटना अनुसार भेला अभिव्यक्ति स्वतन्त्रताका घटनामा १४ जना महिला सहित ६९ जना पीडित भए। यस अवधिमा दुई जनाको कारागारमा मृत्यु भयो।

तथापि अन्यपक्षबाट हुने मानव अधिकार उल्लङ्घन् र ज्यादतीका घटनाहरूमा महिला तथा बालबालिका पीडित भएका छन्। विशेष गरी महिला तथा बालिकाहरू बलात्कार तथा यौन जन्य हिंसाका घटनामा पीडित भएका छन्। यो अवधिमा तीन वर्षीया बालिका, अपाङ्गता भएकी ५५ वर्षीया महिला र ६० वर्षीया ज्येष्ठ नागरिकसम्म यौनजन्य हिंसाबाट पीडित भए।

यसैगरी अन्यपक्षबाट ४६ जना पुरुष र १ सय ९६ जना महिला, ९२ जना बालिका र पाँच जना बालक गरी ३ सय ३४ जना पीडित भए। अभिलेखित घटना अनुसार १० जना महिलासहित १४ जनाको हत्या भयो। यो अवधिमा बाल अधिकार उल्लङ्घनका घटनामा ९७ जना बालबालिका पीडित भए। जसमध्ये ५४ जना बालिका बलात्कार, एक जना बालिका बेचबिखन, एक जना बालिका बालविवाहबाट पीडित, ३६ जना बालिका र तीन जना बालक यौन दुर्व्यवहारबाट पीडित भए। यसैगरी सबै भन्दा बढी महिला अधिकार उल्लङ्घनका घटनामा १ सय ८२ जना महिला पीडित भए। जसमध्ये २१ जना बलात्कार, तीन जना बलात्कार प्रयास, सात जना यौन दुर्व्यवहार, १ सय ३० जना महिला घरेलु हिंसा र दुई जना महिला मानव बेचबिखन तथा ओसारपसारका घटनामा पीडित भए।

यसअघि विभिन्न प्रकारका मानव अधिकार तथा ज्यादतीका घटनामा संलग्न आरोपितहरूमाथि पनि कानुनी कारबाही हुन नसक्नु लगायतका कारणले ज्यादतीका घटना कम हुन सकेको छैन। महिला र बालबालिका माथि हुने हिंसाका घटना न्यूनीकरणका लागि स्थानीय सरकारले पनि स्पष्ट नीति ल्याउन नसक्नु तथा रोजगारीको अवसर नहुनु तथा बेरोजगार जनशक्ति बढ्नुले पनि महिला र बालबालिका माथि हुने हिंसा बढेर गएको मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा संलग्न पीडितहरूको व्यक्तिगत अभिलेखबाट देखिन्छ।

साथै गणतन्त्र दिवस तथा संविधान दिवस लगाएतका समारोहको अवसर पारेर सरकारले अदालतले तोकेको कैद सजाय माफि मिनाह गरी कारागारबाट बन्दी छुट्दै जानुले दण्डहीनतालाई प्रसय पुग्दै गएको देखिन्छ। यस्तो परिस्थितिमा न्यायिक तथा सुरक्षा निकायलाई सबल तथा सक्षम बनाउने, आमनागरिकलाई उनीहरूका कर्तव्य बोध गराउने लगायतका काममा स्थानीय तहको क्षमता विकास गराउनु आजको आवश्यकता देखिन्छ। साथै स्थानीय सरकारलाई मानव अधिकार रक्षाका लागि जिम्मेवार बनाउन सके मात्रै आम नागरिकको अधिकार सुनिश्चित हुन सक्ने कुरामा दुई मत छैन।

# काठमाडौँमा भएका प्रदर्शन सामान्यतः शान्तिपूर्ण–इन्सेक

सुरक्षाको चुस्त व्यवस्थापन, सुरक्षाकर्मी र आमरुपमा दुवैपक्षका प्रदर्शनकारीको संयमतताका कारण प्रदर्शन सामान्यत शान्तिपूर्ण रहेको अनुगमनका क्रममा पाएको इन्सेकले जनाएको छ।

इन्सेकका अध्यक्ष डा. कुन्दन अर्यालद्वारा मङ्सिर ७ गते साँझ जारी विज्ञप्तिमा प्रदर्शनलाई शान्तिपूर्ण बनाउन सबै पक्षले खेलेको भूमिकाको सराहना गरिएको छ।

राष्ट्रिय युवा सङ्घ नेपालका कार्यकर्ता र राष्ट्र, राष्ट्रियता, धर्म संस्कृति र नागरिक बचाउ महाअभियान- नेपाल (दुर्गा प्रसाईका) समर्थकले मङ्सिर ७ गते काठमाडौँमा गरेको प्रदर्शनको इन्सेकले अनुगमन गरेपछि कार्यक्रम शान्तिपूर्ण भएको जनाएको हो।

इन्सेकका अध्यक्ष डा. कुन्दन अर्याल नेतृत्वको टोलीले बल्खु क्षेत्र तथा तीनकुने क्षेत्रमा अनुगमन गरेको थियो। टोलीमा इन्सेकका अध्यक्ष अर्यालसहित सूचना अधिकारी कृष्ण गौतम, मानव अधिकार प्रलेख तथा प्रसार विभागका प्रमुख मदन पौडेल, इन्सेक अनलाइनका सम्पादक रमेशप्रसाद तिमल्सिना र इन्सेकका उपत्यका प्रतिनिधि विमल पौडेल सहभागी थिए।

अनुगमनका क्रममा पाइएका तथ्यहरू

- बिहान १० बजेसम्म, तीनकुने,

बल्खुलगायतका स्थानहरूमा प्रदर्शनकारीहरू जम्मा भइसकेका थिएनन् । ११ बजेपछिमात्रै दुवै क्षेत्रमा ठूलो संख्यामा प्रदर्शनकारी जम्मा भएका थिए ।

- तीनकुने, कोटेश्वर, बल्खु, कलंकी लगायतका क्षेत्रमा ठूलो संख्यामा प्रहरीहरू ब्यारिकेटसहित तैनाथ रहेका थिए ।
- प्रदर्शन शुरु हुनु अगावै बल्खुमा युवा सङ्घका कार्यकर्ता पुगेपछि दुवैपक्षबीच ढुंगा हानाहान भए पनि थप अप्रिय घटना भएन ।
- कलंकीबाट बल्खु र बल्खु हुँदै कालीमाटी र सानेपातर्फ जाने यातायातका साधन रोकिएका थिए ।
- ठूलो संख्यामा रहेका दुर्गा प्रसाई समर्थक समूहका प्रदर्शनकारी बल्खुबाट कालीमाटी प्रवेश गर्न खोज्दा प्रहरीले पानीको फोहोराका साथै पाँच राउण्ड अश्रुग्याँस प्रहार गरी प्रदर्शनकारीलाई तितरवितर पारेको थियो । दुर्गा प्रसाईं लगायतको मन्तव्यपछि प्रसाई समर्थक प्रदर्शनकारीले प्रहरीको घेरा तोड्न खोजेपछि भएको झडपका क्रममा प्रहरीले हस्तक्षेप गर्दा चट्टान थापा, कमल शाही, लोकराज जोशी , शम्भु थापा, प्रकाश थापा, प्रभु शर्मा, विश्व हमाल, उर्मिला तामाङ, विक्रम क्षेत्री र भरतप्रसाद पाठक घाइते भएका छन् । घाइतेहरुको बल्खुस्थित बयोधा अस्पतालमा उपचार भइरहेको छ । त्यसैगरी, झडपमा नेपाल प्रहरीका जवान पनि घाइते भएको जिल्ला प्रहरी परिसर काठमाडौँका प्रवक्ता एसपी कुमोद ढुंगेलले जानकारी दिनुभयो ।
- दुर्गा प्रसाई समर्थक समूहले देब्रे छातीमा श्रीपेच अङ्कित च्तँ लेखिएको रातो रङको टिसर्ट प्रदर्शनकारीलाई बाँडिरहेको देखियो भने युवा संघको प्रदर्शनका अधिकांश सहभागीहरूले सो संगठनको लोगो र नाम भएको क्याप लगाएको पाइयो ।
- दुवै प्रदर्शनमा नेपालको झण्डा प्रयोग गरिएको थियो ।



## गण्डकी प्रदेश

# मानव अधिकारको पाँचौं राष्ट्रिय कार्ययोजना कार्यान्वयनको अवस्था विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न

गण्डकी प्रदेश सरकार, अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) र राष्ट्रिय मानवअधिकार आयोग गण्डकी प्रदेशको संयुक्त आयोजनामा मङ्सिर २० गते पोखरामा मानवअधिकारसम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजना कार्यान्वयनको अवस्था विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।




कार्यक्रममा बोल्दै गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले नेपालको सविधानमा उल्लेख गरिएका मौलिक अधिकारहरु विश्वका उत्कृष्ट मुलुकहरुमा पनि नभएको बताउनुभयो । ' मानवअधिकारको रक्षाका लागि व्यक्तिगत रुपमा र सरकारको नेतृत्व गर्दा त्यसको सम्वेदनशीलतालाई बुझेर त्यसै अनुसार अगाडि बढिरहेको छु । संविधानमा मानवअधिकारका पक्षमा जे जति अधिकार लेखेका छौं, त्यो विश्वका उत्कृष्ट मुलकमा पनि नभएको अधिकार प्रत्याभूत छ भन्ने लाग्छ ।' उहाँले बताउनुभयो ।

मुख्यमन्त्री पाण्डेले आम नागरिकलाई मावनअधिकार प्रत्याभूत गर्दै सहकार्य गरेर अगाडि बढ्ने बताउनुभयो । उहाँले नेपालमा मानवअधिकारको अवस्था अन्य विकसित देशमा भन्दा पनि राम्रो भएको कुरा व्यक्त गर्नुभयो । उहाँले प्रदेश सरकारसंग सामान्य नागरिकले आफूलाई चित्त नबुझेका कुरा स्पष्ट संग राख्न पाउनु पनि मानवअधिकारको प्रत्याभूति हो भन्नुभयो । संघीयता आएपछि नेपालले सञ्चारको क्षेत्रमा उत्कृष्ट फड्को मारेको उहाँको भनाइ थियो । नेपालमा रोजगारी सिर्जना गर्न अझै विभिन्न क्षेत्रमा लगानी गरेर युवालाई रोजगारीको अवसर बढाउनुपर्ने कुरामा जोड दिनुभयो ।

कार्यक्रममा गण्डकी प्रदेशका कानुन

सचिव सम्भुराज रेग्मीले मानवअधिकारको अवस्थाका बारेमा प्रस्तुतीकरण गर्दै संविधानमा उल्लेख गरिएका ३१ ओटा मौलिक हक कार्यान्वयनमा भएमात्र मानवअधिकारको अवस्था राम्रो हुने बताउनुभयो । उहाँले मानवअधिकारको संरक्षण गर्न गण्डकी प्रदेश सरकार प्रतिवद्ध रहेको जाहेर गर्नुभयो ।

कार्यक्रममा इन्सेकका अध्यक्ष डाक्टर कुन्दन अर्यालले मानवअधिकारको कुरामा यसका संयन्त्रहरु महत्वपूर्ण रहेको बताउनुभयो । उहाँले यस्ता कार्यक्रमहरुको आयोजना गर्नु भनेकै मानवअधिकारको संरक्षण गर्नु रहेको बताउनुभयो । उहाँले मानवअधिकारको संरक्षणका लागि इन्सेकले सरकारलाई सधैभरी खबरदारी तथा निगरानी गर्दै आइरहेको सुनाउनुभयो । उहाँले मानव अधिकारको पाँचौं राष्ट्रिय कार्ययोजना तर्जुमा गर्ने काममा इन्सेक मन्त्रालय तथा मानवअधिकार आयोग संग सधै अगाडि रहेको कुरा व्यक्त गर्नुभयो ।

कार्यक्रममा राष्ट्रिय मानव अधिकार आयोग गण्डकी प्रदेशका निमित्त प्रमुख खेमलाल सुवेदीले गण्डकी प्रदेशमा मानवअधिकारको पृष्ठभूमि र पाँचौं राष्ट्रिय कार्ययोजना कार्यान्वयनको अवस्थाका बारेमा प्रस्तुतीकरण गर्नुभएको थियो ।

कार्यक्रममा महिला मञ्च कि अध्यक्ष मेनुका सेरचनल, शान्तिका लागि नागरिक समाजका कास्कीका पूर्व अध्यक्ष विष्णुप्रसाद बरालल र अपाङ्गता महासंघ गण्डकीका अध्यक्ष खोमराज शर्मा लगायतले कार्ययोजनामा आफ्नो क्षेत्रलाई नसमेटिएको गुनासो गर्नुभयो ।

कार्यक्रममा मन्त्रीहरु, कास्कीका गाउँपालिकाहरुका प्रमुखहरु, सुरक्षा निकायका प्रतिनिधि, न्यायाधिवक्ताको कार्यालयका प्रतिनिधिहरु, प्रशासकिय कर्मचारीहरु तथा विभिन्न संघ सस्थाका प्रमुख तथा प्रतिनिधिहरु तथा पत्रकारहरुको उल्लेख्य उपस्थिति रहेको थियो ।

# घरेलु हिंसा पीडित महिलालाई न्यायिक प्रकृयामा जान इन्सेकको सहयोग

घरेलु हिंसा पीडित महिलाललाई न्यायिक प्रकृयामा जान इन्सेकले ०८० मङ्सिर १९ गते आर्थिक सहयोग गरेको छ ।

पोखरा महानगरपालिका- २७ की लक्ष्मी वि.कलाई पति बाबुराम वि.कले दोस्रो विवाह गरेर निरन्तर रुपमा शारिरिक तथा मानसिक यातना दिएपछि उहाँ आफ्ना तीन सन्तान दिएर २०६३ सालदेखि अलग्गै बस्दैआउनु भएको छ । अलग्गै बस्दै आएपनि उहाँलाई पतिले निरन्तर शारिरिक तथा मानसिक यातना दिदै आएको पीडितले बताउनुभयो ।

उहाँको आर्थिक अवस्था निकै कमजोर रहेकाले उहाँले छोराछोरीलाई विभिन्न संघ सस्थाको सहयोगमा पढाउदै आउनु भएको छ । विभिन्न संस्थाको सहयोगमा सुकुम्बासी टोलमा सानो टहरा बनाएर बस्दै आएकोमा उहाँको पतिले उक्त टहरा पनि आफूले पाउनुपर्ने भन्दै उहाँ र उहाँका सन्तान विरुद्ध अदालतमा मुद्दा दर्ता गरेपछि आफू अन्यायमा परेको भन्दै र आफ्नो आर्थिक अवस्था कमजोर रहेकाले न्यायिक प्रकृयामा जान आर्थिक




सहयोग पाउँ भन्दै ०८० मङ्सिर १ गते इन्सेक गण्डकी प्रदेश कार्यालयमा निवेदन दिनु भएको थियो ।

सोही निवेदनका आधारमा इन्सेकको मानव अधिकार उल्लङ्घनका पीडितलाई सहायता कार्यक्रम अन्तरगत गण्डकी प्रदेश संयोजक शिव खकुरेलले पाँच हजार रुपियाँ आर्थिक सहयोग गर्नुभएको हो ।

उक्त रकमले आफूलाई कानुनी प्रकृयामा जान केही राहत हुने पीडित वि.कले बताउनुभयो ।

# बालअधिकार समूहको प्रदेशस्तरीय सन्जाल बैठक सम्पन्न

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा गठित कास्की र नवलपुरका बालअधिकार समूहको प्रदेशस्तरीय सन्जाल बैठक ०८० मङ्सिर १६ गते पोखरामा सम्पन्न भएको छ ।

बैठकमा बालअधिकार समूहका गण्डकी प्रदेशका अध्यक्ष सुनिश्चीत गुरुङले आफ्नो समूहले देउसी भैलौ कार्यक्रमबाट संकलन गरेको रकमले विद्यालयमा प्राथमिक उपचारका सामाग्रीहरु वितरण गरेको, सडक नाटकहरु गरिरहेको, वृक्षारोपण भैरहेको, सरसफाइका कार्यक्रमहरु समेत गरेको बताउनुभयो । उहाँले आगामी पुस ५ गते वार्षिक कार्यक्रममा नाटक देखाउने योजना रहेको बताउनु भयो ।

समूहका सचिव बालकृष्ण पाण्डेले विद्यालयमा भएको दुर्व्यवहारको बारेमा नाटकहरु गरेको, सरसफाई र वातावरणको अधिकारको लागि कागजहरु नजलाउने गरेको, जंकफुड विद्यालयमा ल्याएमा बालअधिकार समूहको पदाधिकारीले १ सय रुपियाँ र अन्यले ५० रुपियाँ तिर्नु पर्ने नियम बनाएको बताउनुभयो ।




समूहकी उपसचिव सृष्टी नेपालीले कुहिने र नकुहिने फोहोरको बारेमा जनचेतना जगाएको बताउनु भयो । कार्यक्रममा बालअधिकारको अवस्थाको बारेमा कसरी कामहरु भैरहेको छ भन्ने बारेमा समेत छलफल भएको थियो ।

उक्त बैठकमा बालबालिकाहरुले आगामि कार्ययोजनामा बाल भित्तेपत्रिका, सरसफाई कार्यक्रम, निवन्धकला प्रतियोगीता, वक्तृत्वकला प्रतियोगीता, लैङ्गिक हिंसा विरुद्ध कार्यक्रम, सामाजिक समस्या विरुद्ध नाटक, छुवाछुत विरुद्धको अभियान, कविता प्रतियोगीता, वादविवाद प्रतियोगीता, लागु औषधबाट भएको नकारात्मक असर सम्बन्धि नाटक, कक्षाकोठामा फोहोर व्यवस्थापन, बालविवाह विरुद्ध ऱ्याली गर्ने कार्ययोजना रहेको बताउनुभयो ।

यी कार्यक्रमहरुको लागि विद्यालय, वडा कार्यालय र गाँउपालिकाको कार्यालयहरुसंग समन्वय गर्ने बालबालिकाहरुले बताउनुभएको थियो ।

# प्रदेशस्तरका विभिन्न संघ सस्थाको समन्वयमा मानव अधिकारको अवस्थाको बारेमा छलफल तथा बैठक सम्पन्न

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) तथा कोपिला नेपालको आयोजनामा गण्डकी प्रदेशस्तरका विभिन्न संघ सस्थाहरुको समन्वयमा गण्डकी प्रदेशको मानवअधिकारको अवस्थाको बारेमा छलफल बैठक मङ्सिर ८ गते पोखरामा सम्पन्न भएको छ ।

गण्डकी प्रदेशमा पछिल्लो समयमा मानवअधिकारको अवस्थाका कस्तो छ भन्ने बिषयमा केन्द्रित भएर मानवअधिकारसम्बन्धी काम गर्ने संस्थाहरु संग उक्त छलफल सम्पन्न भएको हो ।

उक्त छलफलमा इन्सेक गण्डकी प्रदेश कार्यालयका संयोजक शिव खकुरेलले पछिल्लो तीन महिनाको मानवअधिकारको अवस्थाको बारेमा तथ्याङ्क प्रस्तुत गर्नुभएको थियो । उहाँले गण्डकी प्रदेशमा पछिल्लो समयमा मानवअधिकारको अवस्थामा सुधार आउन नसकेको कुरा इन्सेकको तीन महिनाको स्थिति सूचक सहित प्रस्तुत गर्नुभएको थियो ।

यसैगरि शान्तिको लागि नागरिक समाजको सञ्जालकि संयोजक बिना शिलवालले गण्डकी प्रदेशमा शान्ति स्थापना गर्न तथा भय रहित वातावरणमा बाच्नको लागि उपयुक्त वातावरण सिर्जना गर्न सबैले पहल गर्नुपर्ने बताउनुभयो । साथै बालिका तथा महिलामाथि हुने यौनजन्य हिंसा मा समयमा न्याय सम्पादन हुनुपर्ने कुरामा जोड दिनु पर्ने बताउनुभयो ।

उक्त छलफलमा एड्वोकेसी फोरमकि संयोजक अधिवक्ता कुन्जनी परियार ‘प्यासी’ले राज्यको सम्यन्त्रले

समयमा राहतमा राहत पुर्‍याउन नसक्दा जाजरकोटमा १३ जना भुकम्प पीडितले चिसोको कारण ज्यान गुमाउनु परेको अवस्थाले मानवअधिकारको अवस्था कस्तो छ भन्ने कुराको अनुमान गर्न सकिने बताउनुभयो । साथै उहाँले अहिलेको समयमा पनि मानवलाई नजरबन्दमा राखेर मानवको स्वतन्त्रताको अधिकार हनन भएको कुरा व्यक्त गर्नुभयो ।

अपाङ्गता महासंघ कास्कीका अध्यक्ष खोमराज शर्माले अपाङ्गताको मानवअधिकारको विषयलाई साँघुरो रुपमा मूल्याङ्कन गरिएको बताउनुभयो । साथै उहाँले राज्यको सम्यन्त्रहरुमा अपाङ्गता भएका व्यक्तिहरुको पहुँच नभएको कुरा व्यक्त गर्नुभयो ।

उक्त बैठकमा १६ दिने लैङ्गिक हिंसा विरुद्धको अभियान तथा अन्तर्राष्ट्रिय



मानवअधिकार दिवस कसरी मनाउने भन्ने विषयमा पनि छलफल गरिएको थियो ।

मानव अधिकारसम्बन्धि अनुगमन समन्वय समितिसँग आवद्ध संस्थाहरु इन्सेक, कोपिला नेपाल, कोशिस, एड् भोकेसी फोरम, एम्नेष्टी इन्टरनेशनल, महिला मन्च, गैसस महासंघ नेपाल, महिला मानवअधिकार रक्षक सन्जाल, राष्ट्रिय अपांग महासंघ, चिल्डेन नेपाल, दलित महिला संघ कास्की, बाल हेल्पलाइन, सयपत्री समाज, लगायतका विभिन्न संघ संस्थाहरुको उपस्थिति रहेको थियो ।

# इन्सेकको पहलमा बालश्रमिकको उद्धार

१५ र १६ वर्षीया बालिकालाई पोखरा महानगरपालिका- १२ स्थित बिजि अस्पताल हाताभित्र रहेको बिजि क्यान्टीनमा २०७९ वैशाख ४ गते देखि २०८० भदौ ३० गतेसम्म बालिकाहरुको अभिभावकको सहमतिबिना मजदुरी गराएर राखिएको र कुनै पारिश्रमिक नदिएको भन्दै इन्सेक गण्डकी प्रदेश कार्यालय, पोखरामा असोज २ गते बालिकाको दिदिहरुले पीडित बालिकाहरु सहित निवेदन दिनुभएको थियो ।

उक्त निवेदनका आधारमा इन्सेक गण्डकी प्रदेश कार्यालय संयोजक शिव खकुरेलले श्रम तथा रोजगार कार्यालयलाई बालिकाहरुको न्यायको लागि पहल गरिदिनको लागि निवेदन दिनुभएको थियो । सोही निवेदनका आधारमा श्रम कार्यालयले उक्त क्यान्टीनका सञ्चालक सिता सुवेदीलाई सम्पर्क गरि क्यान्टीनको दर्ता



जि.प्र.का.का.द.नं.: ६/०४८/०४९
स.क.प.आ.नं.: ११४४९, पान नं.: ३००९३१९७६

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

दण्डहीनताको विरोध गरौं, मानव गरिमाको रक्षा गरौं !

श्रीमान् प्रमुख ज्यू
श्रम तथा रोजगार कार्यालय
पोखरा ।

मिति : २०८०/६/२

विषय:- न्यायको लागि आवश्यक पहल गरिदिनुहुनका लागि ।

उपरोक्त विषय बागलुङ स्थायी घरभै हाल पोखरा महानगरपालिका ११ बस्ने वर्ष १६ की रिमा नेपाली र वर्ष १५ की आशा नेपालीको निवदेन अनुसार नीज दिदी बहिनी २०७९ वैशाख ४ गतेबाट पोखरा महानगरपालिका स्थित बिजी अस्पतालको हाताभित्र रहेको बिजी क्यान्टीनमा मजदुरीको काम गर्दै आएको र हालसम्मपनि कुनै श्रम सम्झौता समेत नगरि अभिभावकको मञ्जुरी बिनानै काम गराउदै आएको भन्ने निवेदन प्राप्त हुन आएकोले बालबालिकासम्बन्धी ऐन २०७५, बाल श्रम नियमित तथा निषेधित गर्न बनेको ऐन २०५६, बालअधिकार महासन्धी विपरीत काममा लगाइएको हुँदा आवश्यक कारबाहीको लागि सिफारिसका साथ निजहरुले बुझाएको निवेदन यसै साथ सम्लग्न गरि पेश गर्दछु ।

शिवप्रसाद खकुरेल
संयोजक
इन्सेक गण्डकी प्रदेश कार्यालय, पोखरा

मानवअधिकार र सामाजिक न्यायका निम्ति
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
गण्डकी प्रदेश कार्यालय, पोखरा
पोखरा म.न.पा.-८, एयरपोर्ट मार्ग
फोन: ०६१-५३३३६६
Email: pokhara@insec.org.np, Website: inseconline.org

प्रमाणपत्र तथा नागरिकता सहित उपस्थित गराई दुवै पक्ष राखि छलफल चलाएकोमा सञ्चालकले उक्त कुरा स्वीकार गर्नुभएको थियो ।

क्यान्टीन सञ्चालक सिता सुवेदीले आफूले बालिकाहरुलाई काम गराएको स्वीकार गरेर बालिकाहरुले उक्त समय सम्म गरेको कामको पारिश्रमिक प्रति बालिका १ लाख २० हजार रुपियाँ बैङ्कमा खाता खोल्न लगाई २०८० असोज १६ गते बालिकाहरुको बैङ्क खातामा जम्मा गरिदिएको पीडित बालिकाकी दिदि ज्योति दर्जीले बताउनुभयो । पीडित बालिकाहरु अहिले आफ्नै दिदिहरुको संरक्षणमा बस्दै आउनुभएको छ ।

क्यान्टीन सञ्चालकलाई बालश्रमसम्बन्धी ऐन २०५६ को दफा ६ बमोजिम स्वीकृत नलिई बालश्रम प्रयोग गरेको ठगर गर्दै प्रति बालिका ५ हजार गरि जम्मा १० हजार रुपियाँ जरिबाना तिराउने निर्णय गरिएको वरिष्ठ श्रम अधिकृत सुरेश ढकालले बताउनुभयो ।

# इन्सेक लगायत मानव अधिकारकर्मीको पहलमा बालकहरूको उद्धार

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) लगायत मानवअधिकारकर्मीहरुको पहलमा पोखरा महानगरपालिका- ६ हल्लनचोकबाट २०८० असोज १५ गते १२ वर्षीय दुई जना र १३ वर्षीय एक जना गरि तीन जना सडक बालकहरुको उद्धार गरिएको छ ।

पोखराको लेकसाइड स्थित हल्लनचोकमा बेवारिसे अवस्थामा रहेका बालकहरुको बारेमा जानकारी पाएपछि इन्सेक, राष्टिय बालअधिकार परिषद, बाल कल्याण अधिकारी, बाल हेल्पलाइन कास्की, शक्ति समुह, कोपिला नेपाल, उधोग वाणिज्य संघ बालश्रम न्यूनीकरण परियोजनाका संयोजक, पोखरा महानगरपालिका- ६ का जनप्रतिनिधि र वडा प्रहरी कार्यालय बैदाम सहितको अधिकारकर्मीको टोलीले बालकहरुको उद्धार गरेको हो ।

उद्धार गरिएका बालकहरुलाई पोखरा महानगरपालिकाकी बाल कल्याण अधिकारी विष्णुमाया पौडेलले अधिकारकर्मीहरुको रोहबरमा बालहितकारी परियोजना नेपाल, पोखराकी राधिका आचार्यलाई जिम्मा लगाउनुभएको छ ।

## लुम्बिनी प्रदेश

# मानव अधिकार राष्ट्रिय कार्ययोजना कार्यान्वयनका लागि प्रदेश सरकार सम्वेदनशिल छः गृहमन्त्री पाण्डे

पाँचौ मानव अधिकार राष्ट्रिय कार्ययोजना कार्यान्वयनकालागि प्रदेश सरकार सम्वेदनशिल रहेको लुम्बिनी प्रदेशका गृहमन्त्री सन्तोषकुमार पाण्डेयले बताउनु भएको छ ।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) लुम्बिनी प्रदेश कार्यालयले मङ्सिर ३० गते बुटवलमा आयोजना गरेको मानव अधिकारसम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजना कार्यान्वयनको अवस्था विषयक अन्तरक्रिया कार्यक्रममा उत्तत कुरा बताउनु भएको हो ।

कार्यक्रममा बोल्दै लुम्बिनी प्रदेशका गृहमन्त्री पाण्डेयले नेपालको संविधानमा उल्लेख गरिएका मौलिक अधिकारहरू विश्वका उत्कृष्ट मुलुकहरूमा पनि नभएको बताउदै 'मानव अधिकारको रक्षाका लागि व्यक्तिगतरुपमा र सरकारको गृहमन्त्रीको हैसियतले सधैं सकारात्मकरुपमा अगाडि बढेको बताउनु भयो ।

गृहमन्त्री पाण्डेयले संविधानमा लेखिएका मानव अधिकारका सवालहरू र नेपाल पक्ष राष्ट्र भएका सबै महासन्धीहरूको कार्यान्वयनकालागि सम्वेदनशिल भएर लागेको बताउदै आफुले बोलेका विषयमा गरेर देखाउने प्रतिवद्धता जनाउनु भयो । उहाँले विश्वका उत्कृष्ट मुलकमा पनि नभएको अधिकार संविधानमा व्यवस्था भएको भन्दै त्यसको कार्यान्वयनका लागि यस्ता कार्यक्रमले महत्पूर्ण भूमिका खेल्ने धारणा राख्नु भयो ।

कार्यक्रममा लुम्बिनी प्रदेशका निवर्तमान सदस्य रमा अर्यालले जब मानव अधिकार र विकासका सवालमा नागरिकहरू बोल्छन, आवाज उठान गर्छन, सरकार सचेत र सक्रिय हुन्छ । त्यसकारण सरकार पुग्न नसकेका ठाउँमा पुगेर इन्सेक जस्ता संस्थाहरुले घचघचाउनु पर्ने बताउनुभयो ।

निवर्तमान प्रदेश सभा सदस्य कमला विश्वकर्माले सरकारले अपराधीकरणलाई संरक्षण गर्ने र पीडितहरू अझै पीडित बन्ने अवस्था भएकोले व्यवस्था नै खराब होकी भन्ने कुराहरू उठन थालेको भन्दै पीडितमैत्री न्यायको अनुभूति नगराउँदासम्म मानव अधिकारको प्रत्याभूत नहुने बताउनु भयो ।

कार्यक्रममा प्रदेश सभा सदस्य जानकी न्यौपानेले समाजमा पछाडि पारिएका समुदायहरूको न्यायमा पहुँच नपुग्दासम्म मानव अधिकारको प्रत्याभूती नहुने भएकोले यस्ता विषयमा आफुले सक्रिय भएर सदनमा आवाज उठान गर्ने बताउनु भयो ।

इन्सेकका लुम्बिनी प्रदेश संयोजक भोला महतले मानव अधिकारको सवालमा यसका संयन्त्रहरू महत्वपूर्ण रहेको बताउदै यस्ता कार्यक्रमहरूको आयोजना गर्नु भनेकै मानव अधिकारको संरक्षण गर्नु रहेको बताउनु भयो । उहाँले मानव अधिकारको संरक्षणका लागि इन्सेकले सरकारलाई

सधैंभरी खबरदारी तथा निगरानी गर्दै आइरहेको बताउदै मानव अधिकारको पाँचौं राष्ट्रिय कार्ययोजना तर्जुमा गर्ने काममा इन्सेक तीनै तहका सरकारहरूसँग समन्वय र सहकार्य गर्दै आएको बताउनु भयो ।

कार्यक्रममा राष्ट्रिय मानव अधिकार आयोग लुम्बिनी प्रदेशका मानव अधिकार अधिकृत दिपक ठाकुरले मानव अधिकारको पृष्ठभूमि र पाँचौं राष्ट्रिय कार्ययोजना कार्यान्वयनको अवस्थाका बारेमा सरोकारवाला निकायहरूलाई ध्यानकर्षण गराइरहेको बताउनु भयो ।

राष्ट्रिय अपाङ्गता महासंघ लुम्बिनी प्रदेशका अध्यक्ष हुमनाथ अधिकारीले समाजमा पछाडि पारिएका वर्ग र समुदायका सवालहरूलाई एकिकृत रुपमा उठान गर्न सकेमात्र मानव अधिकारको संरक्षण हुने भन्दै कार्ययोजनामा समेटिएका विषयलाई तीनै तहका सरकारले सम्वेदनशिल भएर सम्बोधन गर्नुपर्ने बताउनु भयो ।

कार्यक्रममा उपभोक्ता हित संरक्षण मंञ्च लुम्बिनी प्रदेशका अध्यक्ष तेजकुमार पाठकले उपभोक्ताहरूको अधिकार प्राप्त नहुँदासम्म मानव अधिकारको सवाल ओझेलमा पर्ने भएकोले मानव अधिकार कार्ययोजनाको कार्यान्वयन गर्नका लागि प्रदेश सरकारलाई आग्रह गर्नुभयो ।

कार्यक्रममा नेपाल बार एशोसियन बुटवल इजलासका अधिवक्ता, निरञ्जना पौडेल, अधिवक्ता दिपा सुनार,माइती नेपाल रुपन्देहीका प्रमुख माया क्षेत्री,अपांगता अधिकारकर्मी सावित्रा घिमिरे, अधिवक्ता महेन्द्र खनाल लगायतले राज्यको पुनरसंरचना भएको यति लामो समय वित्दा समेत मानव अधिकार समिती गठन गर्न नसक्नु मानव अधिकारप्रतिको सम्वेदनशिलता र प्राथमिकतामा गम्भीर हुन प्रदेश सरकार र सम्बन्धित सबै सरोकारवालाहरूलाई आग्रह गर्नुभयो ।

# मानव अधिकारको अवस्थाका विषयमा नर्वेजियन राजदुत र सरोकारवालाहरू बिच अन्तरक्रिया




नर्वेजियन राजदुत सहितको संयूक्त टोलीले मङ्सिर २९ गते रुपन्देही जिल्लाको मानव अधिकारको अवस्था, संविधानका मौलिक हकहरूको कार्यान्वयनको अवस्थाका विषयमा विभिन्न सरोकारवाला निकायहरूसँग छट्टाछुट्टै अन्तरक्रिया सम्पन्न गरेको छ ।

उक्त अन्तरकिया कार्यक्रममा रुपन्देहीका प्रमुख जिल्ला अधिकारी, प्रहरी प्रमुख, मानव अधिकारकर्मीहरू, संचारकर्मी, द्वन्द्व पीडित तथा लैगिंक हिंसाबाट पीडित व्यक्तिहरू, कानुन व्यवासीहरू लगायतका सरोकारवालाहरूसँग जिल्लाको मानव अधिकारको अवस्था, पीडितहरूको न्यायमा पहुँचको अवस्थाका विषयमा भैरहवा र बुटवलमा छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको हो ।

अन्तरक्रिया कार्यक्रममा नर्वेजियन राजदुत टोरन ड्रामन्डलले नेपालको संविधान विश्वकै नमूना भए पनि कार्यान्वयनको अवस्था कमजोर भएको भन्दै अन्य मुलुकको तुलनामा अभिव्यक्ति स्वतन्त्राको अवस्था नेपालमा राम्रो भएको बताउनु भयो ।

राजदुत टोरनले सरकारलाई नागरिकले आफुलाई लागेका विषयमा लेख्न, बोल्न र आफ्नो अभिव्यक्ति सरकार समक्ष पुर्याउन सक्ने भएको भन्दै जिल्लामा मानव अधिकार र ज्यादतीका घटनाहरूमा विशेष गरी महिला र बालिकाहरू माथि हुने यौनजन्य हिंसा र न्यायमाा पहुँच अझै पुग्न नसकेको सुन्दा आफु दुखि भएको धारणा राख्नु भयो ।

राजदुत टोरनले आफ्नो देश मानव अधिकारको संरक्षण र सम्मान गर्दै आएको भन्दै नेपालसँग ५० वर्ष भन्दा लामो सम्बन्ध रहेको र विकास साझेदारीका हिसाबले अघि बढेको बताउनु भयो ।

कार्यक्रममा इन्सेकका कार्यकारी निर्देशक बिजयराज गौतमले जिल्लाका विभिन्न सरोकारवाला निकायहरूसँग छुट्टाछुट्टै छलफल गर्नुको मुख्य उद्देश्य

रुपन्देही जिल्लाको मानव अधिकारको अवस्था र मानव अधिकार उल्लंघनका घटनाहरूको अनुगमन, अभिलेखिकरण र पीडितहरुलाई इन्सेकले न्यायको पहुँचसम्म पुर्याउन के कसरी काम गरिरहेको छ ? मानव अधिकार वर्ष पुस्तकको प्रावभकारीताका बिषयमा सरोकारवाला निकायहरूको बुझाई, मानव अधिकार रक्षकहरूको समस्या र चुनौतीहहरूको विषयमा बुझ्नका लागि रहेको बताउनु भयो ।

प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले बिगतको तुलनामा मानव अधिकारको अवस्था राम्रो भएको बताउँदै इन्सेकलगायतका मानव अधिकारको क्षेत्रमा काम गर्ने संस्थाहरूले मानव अधिकारको क्षेत्रमा लगाएको लगाव, समन्वय प्रहरी प्रशासनलाई जवाफदेहि बनाउने गरेको, मानव अधिकारका विभिन्न सवालहरूमा गरेका प्रयास कारण मानव अधिकारको अवस्था सुधार गर्न बल पुरयाएको बताउनु भयो ।

उहाँले मानव अधिकारको संरक्षण, प्रवर्द्धन र परिपूर्ति गर्ने दायित्व राज्यको भएकोले मानव अधिकारको संरक्षणका लागि सम्वेदनशिल भएर काम गरिरहेको बताउनु भयो । जिल्ला प्रहरी कार्यालयका एसपी भरतबहादुर विकले अहिलेका प्रहरीहरूले मानव अधिकार सम्बन्धी तालिम प्राप्त गरेको भन्दै मानव अधिकारको संरक्षणका लागि पीडितमैत्री व्यवहार र पीडितलाई न्यायको अनुभूति गराउने गरी इन्सेक लगायतका अन्य सामाजिक संघ संस्थाहरूसँग समन्वय गरेर प्रहरीले काम गरिरहेको बताउनु भयो ।

सशस्त्र प्रहरी बल सीमा सुरक्षाका प्रमुख एसपी दिपक थापाले प्रहरी जहिले पनि अग्रस्थानमा रहेर काम गर्ने मानव अधिकार रक्षक भएकोले मानव अधिकारको सवालमा आफूहरू सम्वेदनशिल भएर विभिन्न सरोकारवाला निकायहरूसँग समन्वय गरेर काम गरिरहेको बताउनु भयो ।

बरिष्ठ अधिवक्ता शिव प्रसाद गौडेलले जिल्लाको मानव अधिकारको अवस्था विगतको तुलनामा सन्तोषजनक भए पनि अदालतबाट फैसला भएको मुद्दाहरू अहिले पनि कार्यान्वयन हुन नसकेको भन्दै कार्यान्वयनका लागि सरकारलाई सुझाव दिन राजदुतसँग आग्रह गर्दै केन्द्रिय तहमा सरकारलाई खबरदारी र पहेरदारी गर्न इन्सेकलाई आग्रह गर्नुभयो । अधिवक्ता सुनिल त्रिपाठीले जिल्लामा महिला तथा बालिकाहरूमाथि हुने हिंसाको अवस्था डर लाग्दो भएको र उनीहरूको न्यायमा पहुँचको अवस्था दयनीय रहेको बताउनु भयो ।

छलफल कार्यक्रममा घरेलु हिंसा पीडित श्रृजना पौडेल, उर्मिला यावदले न्याय नपाएर भौतारिएको समयमा इन्सेकले न्यायका लागि कसरी कहाँ जाने भन्ने विषयमा सहजीकरण गरेपछि कानुनी उपचारमा जान ठुलो सहयोग पुगेको बताउनु भयो ।

कार्यक्रममा राजुदत टोरनका राजनीतिक स्वकीय सचिव एन्डेरिया सिलकोसेट, स्वयंसेवक होयान भिक्टोरिया, डरहेम लगायतको टोली सहभागी हुनु भएको थियो ।

विभिन्न सरोकार निकायसँग गरिएको छलफल कार्यक्रममा इन्सेक केन्द्रिय कार्यालयका सुवेच्छा खड्का, लुम्बिनी प्रदेश संयोजक भोला महत, रूपन्देही प्रतिनिधि रीमा बिसी, मानव अधिकार रक्षकहरु कानुन व्यवसायीहरु, नेपाल पत्रकार महासंघ, घरेलु हिंसाबाट पीडितहरु, यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायहरु लगायतको सहभागिता रहेको थियो ।



# आन्दोलित विद्यार्थीहरूले प्रिन्सिपललाई नजरबन्द गरेको घटनाको राष्ट्रिय मानव अधिकार आयोग र इन्सेकद्वारा स्थलगत अनुगमन

युनिभर्सल कलेज अफ मेडिकल साइन्स एण्ड टिचिङ हस्पिटल, भैरहवाका विद्यार्थीहरूले असोज २२ गते देखि कलेजका प्रिन्सिपल डा. लक्ष्मी पाठकलाई कार्यकक्षमै नजर बन्द गरेको घटनाको राष्ट्रिय मानव अधिकार आयोग र इन्सेकलेसंयुक्तरुपमा असोज २७ गते स्थलगत अनुगमन गरेको छ ।

अनुगमनका क्रममा विद्यार्थीहरूले कलेज प्रशासनले लागु गरेको ड्रेस कोड खारेज हुनुपर्ने, इन्टर्नसिपको पारिश्रमिक बढाउनुपर्ने, परीक्षा दिन प्रतिबन्ध लगाएका विद्यार्थीहरूको प्रतिबन्ध फुकुवा गर्नुपर्ने प्रिन्सिपल लक्ष्मी पाठकले राजिनामा दिनुपर्ने लगायतका माग राखेर आन्दोलनमा उत्रिएको, विद्यार्थीहरूले लक्ष्मी पाठक राजिनादे, फेसबुके प्रिन्सिपल चाहिदैन जस्ता लगायतका पर्चाहरू टाँसेको पाइयो ।

प्रिन्सिपल पाठकले एबीबीएस तेस्रो, चौथो, पाँचौं वर्ष तथा इन्टर्नसिप गर्ने विद्यार्थीका लागि नयाँ ड्रेस कोड लागू गरेपछि ड्रेस कोड आफूहरुलाई मान्य नहुने अडानसहित विद्यार्थीहरूले आन्दोलन गरेको र माग पुरा नभएसम्म आफूहरूले आन्दोलन नरोक्ने र पाठकलाई बाहिर आउन नदिने आन्दोलनरत विद्यार्थीहरूको भनाइ रहेको छ ।

विद्यार्थीहरूले पाठकले आफूहरूलाई अनावश्यक तनाव समेत दिएको आरोप लगाएका छन् । 'प्रिन्सिपलले विभिन्न बहानामा विद्यार्थीहरुलाई दुख दिनुभयो,' 'हामीले हप्तादिनदेखि आन्दोलन गरिरहेका छौं । उहाँले हामीसँग बार्ता गर्न चाहनु भएको छैन । केही दिनअघिसम्म हामी उहाँसँग कुरा गरेर समस्या समाधान गर्न चाहन्थ्यौं तर उहाँले हामीसँग कुरा गर्न चाहनु भएन । अब बार्ता होइन, उहाँको राजीनामा माग गरेका छौं ।' विद्यार्थीहरूले



एकै स्वरमा भने । विद्यार्थीहरूले नाम उल्लेख नगरिदिनु भन्दै ड्रेस कोड लागु भएका कारण मात्र हामीहरू आन्दोलित भइका होइनौ प्रिन्सिपलले विद्यार्थीहरूको परीक्षा रोकिदिने र दुर्व्यवहार गर्ने गरेको आरोप लगाए ।

कलेजकी प्रिन्सिपल डा.पाठकले ड्रेसकोड लगाउन भनेकै कारण आफूलाई कार्यकक्षमा घेरा बन्दी गरेर बन्धक बनाएकोले आफूमाथि विद्यार्थीहरूले ज्यादति गरेको बताउनु भयो । डा. पाठकले समस्या परेका विषयमा छलफल गर्न पनि नमान्ने र आफूलाई असोज २२ गतेदेखि कार्यकक्षमा बन्द गरेर राखेकोले आफ्नो व्यक्तिगत सरसफाई, हिडडुल गर्न पाउने अधिकार लगायतका वञ्चित भई मानसिकरुपमा विक्षिप्त भएको बताउनु भयो । पीडित प्रिन्सिपलले आफुलाई बन्धक बनाएको कोठामा रातभर लाइन काटिदिने, ठूलो स्वरमा साउण्ड बजाइदिने र बाहिरबाट वालमा हानेर आफूलाई मानसिक यातना दिएको बताउनु भयो ।

घटनाका विषयमा प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले राजनीतिक दल, मेडिकल कलेजका सञ्चालक, व्यवसायीहरू, पत्रकार,सुरक्षाकर्मी र मानव अधिकारकर्मीसँग असोज २७ गते बैठक राखी मेडिकल कलेजमा भइरहेको घटनाका विषयमा नजर बन्दमा राखिएकी प्रिन्सिपलको उद्दार र आन्दोलनरत विद्यार्थीहरूको मागलाई सम्बोधन गर्ने विषयमा विद्यार्थीहरूसँग छलफल गरे पनि विद्यार्थीहरू सहमत नभएको बताउनु भयो ।

अस्पतालका सूचना अधिकृत सुनिल गुरुङले विद्यार्थीहरूको आन्दोलनका कारण अस्पतालका प्रशासनिक काम बन्द भएकाले चार्ड पर्वको समयमा समस्या भएको बताउनु भयो ।

राष्टिय मानव अधिकार आयोग, लुम्बिनी प्रदेश कार्यालय, बुटवलका मानव अधिकार अधिकृतद्वय दिपक ठाकुर, अजित ठाकुर र इन्सेक रूपन्देही प्रतिनिधि रीमा बिसीले अनुमगन टोलीमा रहनु भएको थियो ।

# बाल अधिकार सचेतना समूहद्वारा सडक नाटक प्रदर्शन

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)द्वारा श्री नेरामावि, गोदहनामा गठित बाल अधिकार सचेतना समूहले बाल विवाह तथा मानव बेचबिखनविरूद्ध सचेतना सडक नाटक मङ्सिर २८ गते सडक नाटक प्रदर्शन गरेको छ ।

बालबालिकाहरूले बाल विवाह तथा मानव बेचखिनले आर्थिक, सामाजिक अवस्थामा निम्त्याउने परिणामका बारेमा सडक नाटकमार्फत प्रदर्शन गरेका थिए ।

श्री नेरामावि, गोदहनाका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष अब्दुल कादिर शेषले मधेशी मुस्लिम समुदायमा हुने बाल विवाह, मानव बेचबिखन तथा ओसार पसारका घटना बढी हुने भएकाले बाल अधिकार सचेतना समूहले विद्यालयको सहकार्यमा सचेतना दिने प्रयास गरेको भन्दै आवश्यक सहयोग गर्ने प्रतिबद्धता गर्नुभयो ।

बाल अधिकार सचेतना समूह सङक्षक शिक्षक सुरेश प्रजापतिले विद्यालयमा विविध गतिविधि अनुसार बाल बालिकाको नेतृत्व विकास ,क्षमता अभिवृद्धिसँगै बाल विवाह , मानव बेचबिखन तथा ओसारपसार विरूद्ध सचेतना जगाउन सडक नाटकको आयोजना गरेको बताउनु भयो ।

इन्सेक जिल्ला सहजकर्ता लक्ष्मी थारूले उक्त विद्यालयमा बाल अधिकार तथा विद्यालयमा भएका समस्याहरूको समाधानका लागि पहल गर्न विगत दुई वर्षदेखि इन्सेकले कार्यक्रम सञ्चालन गरीरहेको बताउनु भयो ।

# मौलिक हकमा उल्लेख गरेका अधिकारहरू कार्यान्वयन हुनु पर्नेमा जोड



मौलिक हकमा उल्लेख गरेका अधिकारहरू कार्यान्वयन हुनु पर्नेमा एक कार्यक्रमका वक्ताहरूले जोड दिएका छन् ।

इन्सेक लुम्बिनी प्रदेश कार्यालय, नेपालगञ्जको अयोजनामा मङ्सिर १२ गते नेपालगञ्जमा आयोजित "शिक्षा स्वास्थ्य तथा वातावरणीय अधिकार" सरोकारवालाहरूको भूमिका विषयक विचार गोष्ठी कार्यक्रमका वक्ताहरूले उक्त कुरामा जोड दिएका हुन् ।

कार्यक्रममा कृषि तथा भूमि व्यवस्था मन्त्री भण्डारीलाल अहिरले निजी विद्यालय र सरकारी विद्यालयका शिक्षक र विद्यार्थीको सेवा सुविधा र उन्नति प्रगतिको समीक्षा गर्ने बेला भएको बताउदै मौलिक हक कार्यान्वयनमा सबै पक्षले आफ्नो भूमिका निर्वाह गर्नु पर्ने बताउनु भयो ।

मन्त्री अहिरले विकास र नदि, चुरे उत्खननले वातावरण प्रदुषण बढ्दै गएको बताउनु भयो । कृषिमा चार प्रकारको कृषकको पहिचान गरी परिचय पत्र दिने तयारीमा प्रदेश सरकार रहेको मन्त्री अहिरले जानकारी गराउनु भयो ।

इन्सेकका कार्यकारी निर्देशक विजयराज गौतमले इन्सेकले संविधानमा उल्लेख गरेका विषयहरू कार्यान्वयन भए नभएको सुक्ष्म अनुगमन गरीरहेको बताउदै शिक्षा, स्वास्थ्य र वातावरणीय अधिकारका सवालमा स्थानीय तहमा काम गरी रहेको बताउनु भयो ।

गौतमले वातावरणको अधिकारका विषयमा इन्सेकले जिल्लामा र स्थानीय तहम वातावरण मानव अधिकार रक्षक सञ्जाल गठन गरी विभिन्न कामहरू गर्दै आएको र आगामि दिनहरूमा यस कार्यलाई निरन्तरता दिइने बताउनु भयो ।

प्रदेश सांसद बादशाह कुर्मीले शिक्षा, स्वास्थ्य तथा वातावरणको अधिकार एक अर्कासँग सम्बन्धित भएको बताउदै यसको कार्यान्वयनका लागि स्रोत साधन, जनशक्ति, इमान्दारीता आवस्यक रहेको बताउनु भयो ।

प्रदेश सांसद माया पुनले सबैले संसदमा प्राय विकासका लागि बजेट विनियोजन गर्ने र अधिकारका विषयमा खासै छलफल नहुने गरेको आरोप लगाउनु भयो ।

प्रदेश सांसद मीना बोहरा सिद्दीकीले प्रदेशमा स्थापना गरीएका बर्थिङ सेन्टरहरूमा सेन्टरहरूमा विद्युत लगायत स्रोत साधनको कमी भएको बताउनु भयो । यसैगरी, निशुल्क शिक्षा भनिए पनि विभिन्न बहानामा शुल्क लिने गरेको बताउनु भयो ।

प्रदेश सांसद सन्जुकुमारी चौधरीले संविधान दक्षिण एशियामै उत्कृष्ट भए पनि कार्यान्वयन पक्ष कमजोर रहेको बताउनु भयो । संविधानले तीन वटै तहतका सरकारहरूलाई एकल अधिकार दिएको बताउदै विकासगै अन्य पाटोलाई पनि प्राथमिकतामा राखेर काम गर्नु पर्ने बताउनु भयो ।

इन्सेक लुम्बिनी प्रदेश संयोजक भोला महतले संविधानले प्रत्याभूत गरेका विषयहरू कार्यान्वयनका लागि सामूहिकरुपमा छलफल गर्ने उद्देश्यले कार्यक्रमको आयोजना गरिएको बताउनु भयो ।

कार्यक्रममा वरिष्ठ अधिवक्ता सुनिलकुमार श्रेष्ठले कार्यपत्र प्रस्तुत गर्दै प्रदेश सरकारले हालसम्म ४९ वटा ऐनहरू निर्माण गरेको बताउनु भयो । श्रेष्ठले संविधान र ऐन, नियमावालीको प्रभावकारी कार्यान्वयन आवस्यक रहेको बताउनु भयो ।

# मानव अधिकारसम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजना कार्यान्वयन कार्यशाला सम्पन्न

इन्सेक लुम्बिनी प्रदेशको आयोजनामा लुम्बिनी प्रदेशका सभासदहरूको उपस्थितिमा मानव अधिकार सम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजना कार्यान्वयन कार्यशाला गोष्ठी नेपालगञ्जमा कात्तिक १७ गते सम्पन्न भएको छ ।

लुम्बिनी प्रदेश कृषि तथा भुमि व्यवस्था मन्त्री भण्डारीलाल अहिरले मानव अधिकार समग्र मानवको जिवनसँग जोडिएको विषय भएको र उक्त विषयमा शम्वेदनशिल रहेको बताउँदै मानव अधिकार सम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजना कार्यान्वयनका लागि प्रदेश स्तरीय समिति गठन गर्न पहल गर्ने प्रतिबद्धता गर्नुभयो ।

प्रदेश सभा सदस्य रत्न खत्रीले प्रदेश स्तरीय मानव अधिकार रक्षक विद्येयक र मानव अधिकार सम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजना कार्यान्वयनका लागि समिति गठन गर्न सदनमा कुरा उठाउने प्रतिबद्धतासँगै अधिकार र कर्तव्यलाईसँगै जोडेर लैजानुपर्ने सुझाव दिनुभएको थियो ।

जिल्ला समन्वय समितिका प्रमुख ज्ञानेन्द्रकुमार चौधरीले जिल्ला स्तरीय तथा स्थानीय तह स्तरमा मानव अधिकार सम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजना कार्यान्वयन समिति गठन गर्न समन्वय तथा सहकार्य गर्ने प्रतिवद्धता व्यक्त गर्नुभएको थियो ।

प्रमुख जिल्ला अधिकारी श्रवणकुमार पोखरेलले मानव अधिकार संरक्षण र प्रबर्द्धन गर्नका लागि सुरक्षा निकायका हामी प्रतिबद्ध रहेको बताउँदै नागरिक समाजले पनि खबरदारी सहित सुझाव दिनु पर्ने बताउनु भयो ।

प्रदेश सभा सदस्य सन्जुकुमारी चौधरीले नागरिकको अधिकार स्थानीय सरकारसँग प्रत्यक्ष हुने भएकाले स्थानीय तहलाई नै मानव अधिकार सम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजना कार्यान्वयन अनुसार जवाफदेहि बनाउनुपर्ने सुझाव सहित प्रदेश स्तरमा समिति बनाउनको लागि समर्थन सहित पहल गर्ने प्रतिबद्धता जनाउनु भयो ।

प्रदेश सभा सदस्य शुसिला नेपालीले मानव अधिकार कार्ययोजना अनुसार कार्यान्वयन भए नभएको अनुगमन भयो भने कोहि पनि अधिकारबाट वञ्चित हुन नपर्ने भन्दै प्रदेश सदनमा जोडदार समिति गठनको माग गर्ने प्रतिबद्धता गर्नुभयो ।

प्रदेश सभा सदस्य बसन्ती अधिकारीले मानव अधिकार पाँचौ राष्ट्रिय कार्ययोजना समिति गठनका लागि तिहार पछि बस्ने सदनको बैठकमा कुरा उठाउने प्रतिबद्धता गर्नुभयो ।

प्रदेश सभा सदस्य दुर्गाप्रसाद थारूले अधिकारबाट पिल्सीएर आफु आज निति निर्माण तहमा पुगेको बताउँदै मानव अधिकारको क्षेत्रमा सम्वेदनशिल रहेकोले मानव अधिकार र कर्तव्यलाई आत्मसात गर्दै जिम्मेवार रहेको बताउनुभयो ।

राष्ट्रिय मानव अधिकार आयोगका नेपालगञ्जका प्रमुख द्वारीका अधिकारीले मानव अधिकार सम्वन्धी पाँचौ राष्ट्रिय कार्ययोजना कार्यान्वयनको अनुगमन गर्ने निकाय आयोग पनि भएकोले जिम्मेवार निकाय , नागरिक समाज , मानव अधिकारकर्मीहरूसँगको समन्वय गरी जिल्ला र स्थानीय तहमा छिटो समिति गठनमा जोड दिने प्रतिबद्धता गर्नुभयो ।

इन्सेक लुम्बिनी प्रदेश संयोजक भोला महतले कार्यक्रमको उद्देश्य तथा जानकारी बारे प्रकाश पार्दै सरकार गठन भएको लामो समय बितिसक्दा पनि राप्ती सोनारी बाहेक कुनैपनि स्थानीय तह र प्रदेश सरकारले समिति गठन गर्न नसकेकोर मानव अधिकार प्रतिवेदन बुझाउने एउटा समयावधि हुन्छ त्यो पुरा गर्न नेपालले सन्धी सम्झौतामा हस्ताक्षर गरी सकेका पुरा गर्न कार्यक्रमको आयोजना गरी पाँचौ राष्ट्रिय कार्ययोजना कार्यान्वयनको पुस्तिका अध्ययन गर्न आग्रह गर्नु भएको थियो ।

मानव अधिकार पाँचौ राष्ट्रिय कार्ययोजना कार्यान्वयन मानव अधिकार विश्वव्यापी घोषणा पत्र अनुरुप, संवैधानिक तथा नीतिगत व्यवस्था ,कार्ययोजनाको उद्देश्य , तहगत सरकारले गर्नु पर्ने काम कर्तव्य र गठन प्रक्रियाबारे कार्यपत्र वरिष्ठ अधिवक्ता सुनिलकुमार श्रेष्ठले प्रस्तुत गर्नुभएको थियो ।

# नर्वेजियन राजदुत र सरोकारवालाहरू बिच अन्तरक्रिया

कपिलवस्तु नगरपालिका र मानव अधिकार समूह कपिलवस्तुको संयुक्त अयोजनामा मङ्सिर २८ गते नर्वेजियन राजदुत र सरोकारवालाहरू बिच अन्तरक्रिया सम्पन्न भएको छ ।

उक्त कार्यक्रममा कपिलवस्तु नगरपालिकाका मेयर सुदिप पौडेल, वडा अध्यक्षहरु र बिभिन्न सरोकारवालाहरूले नर्वेजियन राजदुतलाइ कपिलवस्तुको नगरपालिकामा स्वागत गर्नु भएको थियो ।

कपिलवस्तु नगरपालिकामा इन्सेकले गठन गरेको मानव अधिकार समूह र सरोकारवालाहरूसँग छलफल गर्दै नर्वेजियन राजदुत टोरन ड्रामन्डलले नेपालका बिभिन्न स्थानहरूको अवलोकन गर्ने र त्याहाँको मानव अधिकारको अवस्थाको बारेमा बुझ्दै आएको बताउनु भयो ।

राजदुत टोरनले कपिलवस्तु जिल्लाको मानव अधिकारको अवस्थाबारे जानकारी लिन आएको बताउदै कपिलवस्तुमा बाल बिवाह धेरै हुने गरेको कुरा सुन्दा दुःख लागेको बताउनु भयो । उँहाले नेपालको संविधान महत्वपूर्ण र उपलब्धी मूलक रहेता पनि कार्यान्वयमा भने मजबुद नभएको बताउनु भयो ।

यसैगरी, राजदुत टोरनले आफ्नो देशले मानव अधिकारको सम्मान गर्ने गरेको बताउदै नेपालसँगको ५० वर्ष भन्दा लामो सम्बन्ध रहेको र विकासको साझेदारीका लागि अघि बढेको बताउनु भयो ।

कार्यक्रममा इन्सेकका कार्यकारी निर्देशक बिजयराज गौतमले नगरपालिका र मानव अधिकार समूहसँग छलफल गर्नुको मुख्य उद्देश्य भनेको कपिलवस्तु जिल्लाको मानव अधिकारको अवस्था र मानव अधिकार समूहले कार्यहरू कसरी सञ्चालन गरेको छ भन्ने बिषयमा जानकारी लिन र समस्याहरूको बारेमा जान्ने र बुझ्ने रहेको बताउनु भयो ।

जिल्ला समन्वय समितीका प्रमुख बाबुराम आचार्यले हरेक क्षेत्रमा पछाडि परेको कपिलवस्तु जिल्लामा इन्सेक र मानव अधिकार समूहले बिभिन्न कार्यक्रमहरू तथा अभियानहरु सञ्चालन गरेको बताउनु भयो । प्रमुख आचार्यले कपिलवस्तुमा बिगतको तुलनामा मानव अधिकारको अवस्था राम्रो भएको बताउँदै इन्सेकले मानव अधिकारको रक्षाका लागि गरेको उदाहरणीय कार्यको प्रशंसा गर्नु भयो ।

आचार्यले इन्सेक प्रतिनिधि र मानव अधिकार समूहले लैगिंक हिंसाका बिभिन्न घटनाहरूलाई संकलन गर्ने र कानुनी उपचार सम्म पुग्न नसक्ने हिंसामा परेका पीडितहरुलाई आर्थिक सहयोग गर्दै आएकोमा इन्सेकलाई धन्यवाद समेत दिनुभयो ।

इन्सेकले जिल्लाको दुई स्थानीय तहमा मात्र नभइ दश ओटै स्थानीय तहमा अभियान सञ्चालन गरी मानव अधिकारको सङ्क्षण गर्नु पर्नेमा आचार्यको जोड थियो ।

कपिलवस्तु नगरपालिकाका मेयर सुदीप पौडेलले इन्सेकले मानव अधिकारको संरक्षणका लागि नगरपालिकाका बिभिन्न वडाहरूमा पुगेर समस्याहरू पहिचान गर्ने र नगरपालिका र वडा कार्यालयलाई सचेत गराउनु नै मुख्य उपलब्धि भएको बताउनु भयो ।

कार्यक्रममा नगरपालिकाका सामाजिक विकास अधिकृत पदमराज श्रेष्ठले कपिलवस्तु नगरपालिका सदरमुकाममा रहेता पनि अधिकांश क्षेत्रहरु ग्रामीण भेग रहेकाले यहाँको शैक्षिक तथा मानवीय सुचकांकमा सुधार गर्न लक्षित कार्यक्रमहरू सञ्चालन गरिएको जानकारी दिनु भयो ।

माहुरीहोमका रबिन्द्रनाथ ठाकुरले जिल्लाका अधिकांश स्थानीय तहमा मानव अधिकार समिती नबन्नु दुखको बिषय भएको बताउनुभयो ।

हिंसा पीडित छायाँ बारीले न्याय नपाएर भौतारिएको समयमा इन्सेकले सहयोग गरेपछि कानुनी उपचारमा ठुलो सहयोग पुगेको बताउनु भयो । घरदेखि हिंसा गरी पती , सासु , ससुराले निकाले पछि बारीलाई धेरै समस्या परेको थियो । यस्तै हिंसा पीडित बिनु चौधरीले इन्सेकको सहयोगले आफूलाइ न्याय सम्म पुग्न सहज भएको बताउनु भयो ।

लैगिंक हिंसा लगायतका बिषयका बारेमा तौलिहवा सरोकारवाला बिच राखेको कार्यक्रममा राजुदत ड्रामन्डल, अतिथी सचिव एन्डेरिया सिलकोसेट, होयान बिक्टोरिया , डरहिम लगायतको टोली सहभागी हुनु भएको थियो ।

इन्सेक साधारण सदस्य रुकैया खातुनको सहजीकरणमा सम्पन्न कार्यक्रममा कपिलवस्तु नगरपालिकाका सम्पूर्ण वडाका वडाअध्यक्षहरु , इन्सेक केन्द्रिय कार्यालयका सुवेक्षा खड्का , लुम्बिनी प्रदेश संयोजक भोला महत , लुम्बिनी बिकास कोषका राजेश ज्ञवाली , मानव अधिकार समूहका पदाधिकारीहरु , नेपाल पत्रकार महासंघ , विद्यालयका प्रधानाध्यापक, बाल अधिकार चेतना समूह , फातिमा फाउण्डेसनका पदाधिकारी, किशोरी अधिकार मञ्च लगायतको सहभागिता रहेको थियो ।

# लैङ्गिक हिंसा विरुद्धको अभियानको अवसरमा मानव बेचबिखन तथा ओसार पसारसम्बन्धी सचेतनामूलक सडक नाटक प्रदर्शन

कपिलवस्तु नगरपालिका-३ स्थित श्री यशोधरा मावि तौलिहवामा इन्सेकद्वारा गठित बाल अधिकार चेतना समूह र मानव अधिकार समूह कपिलवस्तुको आयोजना , कपिलवस्तु नगरपालिका- १ र ३ को वडा कार्यालयको समन्वयमा मङ्सिर १७ गते "लैंगिक हिंसा अन्त्यको सुनिश्चितता महिला र बालबालिकामा लगानीको ऐक्यवद्धता भन्ने राष्ट्रिय नाराका साथ १६ दिने लैगिंक हिंसा विरूद्धको अभियानको अवसरमा सडक नाटक प्रदर्शन गरिएको छ ।




नाटकमा अभिभावकहरुले छोरा र छोरीलाई बराबर अधिकार दिनुपर्ने, आफन्तहरूबाट नै विभिन्न प्रलोभन देखाएर बेचबिखनमा महिला तथा बालबालिकाहरू पर्दै आएकाले अभिभावकहरू सचेत हुनुपर्ने, दाईजो, घरेलु हिंसा, श्रम शोषण र लैंगिक हिंसाले आर्थिक, समाजिकरुपमा असर पर्ने, लैंगिक विभेदका कारण छोरीहरूल हिंसा भोग्न बाध्य भएकोले लैंगिक हिंसा न्यूनिकरण गर्न घरदेखि नै सचेतना फैलाउन सबैले हातेमालो गर्नुपर्ने लगायतका सन्देश मूलक सूचना प्रवाह गरेका थिए ।

कार्यक्रममा वडा-१ का कार्यवाहक वडा अध्यक्ष बिष्णु बारीले १६ दिने लैगिंक हिंसा विरूद्धको अवसरमा विद्यालयका बालबालिकाहरूले स्वरुप बदलेर मानव बेचबिखनको समस्या समाजमा बढ्दै गएको सन्देश मूलक सडक नाटक प्रस्तुत समय सान्दर्भिक भएको बताउनु भयो ।

## कर्णाली प्रदेश

# कानुनी प्रक्रियामा जानका लागि पीडितलाई इन्सेकको सहयोग

आर्थिक अवस्था कमजोर भइ कानुनी प्रकृयामा जान नसकेकी १६ वर्षीया एक बालिकालाई मङ्सिर २८ गते अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) कर्णाली प्रदेश कार्यालय, सुर्खेतले कानुनी प्रकृयामा जानका लागि आर्थिक सहयोग गरेको छ ।

पीडित बालिकाले आफूलाई बुवाले जबरजस्तीकरणी गरेपछि मुद्दा कानुनी प्रकृयामा रहेकोले आवतजावत गर्न र कानुनी शुल्कमा समस्यामा परेको बताउनुभयो । मुद्दाको लागि अदालतमा आवतजावत गर्दा आर्थिक समस्या भएपछि पीडितले आर्थिक सहयोगको माग गर्दै इन्सेकमा कात्तिक १९ गते निवेदन दिनुभएको थियो ।

निवेदनको आधारमा मानव अधिकार सहायता कक्षको कात्तिक २२ गते बसेको बैठकको निर्णय अनुसार नगद चार हजार पाँच सय रुपियाँ आर्थिक सहयोग गरेको कर्णाली प्रदेश संयोजक नारायण सुवेदीले जानकारी दिनुभयो । उहाँका अनुसार उक्त रकम स्थानीय जनप्रतिनिधि मार्फत हस्तान्तरण गरिएको हो ।

पीडितलाई न्यायिक प्रक्रियामा जाँदा लाग्ने निवेदन शुल्क, फोटोकपी र यात्राखर्च लगायतका शिर्षकमा सहयोग पुग्ने उद्देश्यले उक्त रकम सहयोग गरिएको संयोजक सुवेदीको भनाइ छ ।

# मानव अधिकार रक्षकको सुरक्षा र संरक्षण मस्यौदा बुझाइयो

इन्सेक कर्णाली प्रदेश कार्यालयले तयार गरेको मानव अधिकार रक्षकको सुरक्षा र संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको मस्यौदा मङ्सिर २८ गते कर्णाली प्रदेश आन्तरिक मामिला तथा कानुन मन्त्री कृष्णबहादुर जिसीलाई बुझाइएको छ ।

मानव अधिकार रक्षकहरुको सुरक्षा र संरक्षणमा कानुन निमार्ण गर्न अपरिहार्य रहेको भन्दै मानव अधिकारकर्मीहरुको टोलीले मन्त्री समक्ष विधेयकको मस्यौदा बुझाएको हो । इन्सेक कर्णाली प्रदेश कार्यालयका संयोजक नारायण सुवेदी र मानव अधिकार रक्षक संजाल कर्णाली प्रदेशका संयोजक पिताम्बर ढकाल सहितको टोलीले बुझाएको सो विधेयकाको मस्यौदामा २० दफा र ३ अनुसुचि रहेको अधिकारकर्मी किरण पौडेलले बताउनु भयो ।



विधेयकको मस्यौदा पारित भइ कार्यान्वयन गरिदा प्रदेश सरकारलाई खासै आर्थिक भार नपर्ने उल्लेख गर्दै मन्त्री जिसीले सैद्धान्तिक सहमतिका लागि अर्थ मन्त्रालयमा पठाउने र अन्य आवश्यक प्रक्रिया तत्काल अघि बढाउने बताउनु भयो ।

# मानव अधिकार रक्षकको सुरक्षा र संरक्षणमा कानुनको आवश्यकता विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)को आयोजनामा मानव अधिकार रक्षकको सुरक्षा र संरक्षणमा कानुनको आवश्यकता विषयक अन्तरक्रिया कार्यक्रम कात्तिक २३ गते वीरेन्द्रनगर सम्पन्न भएको छ ।

कर्णाली प्रदेश सभाकी सदस्य एवम अर्थ तथा प्राकृतिक स्रोत समिति सदस्य विजया बुढाले मानव अधिकार रक्षकको सुरक्षा र संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकलाई पास गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ । मानव अधिकार रक्षकको सुरक्षा र संरक्षणमा कानुनको आवश्यकता विषयक अन्तरक्रिया कार्यक्रममा बोल्दै उहाँले उक्त विधेयक अति आवश्यक रहेको बताउनुभयो । विधेयक सम्बन्धित मन्त्रालयबाट प्रदेश सभामा टेबुल भएपछि पास गर्नका लागि आफुले सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।



अरुको अधिकारका लागि वहस र पैरवी गर्ने मानव अधिकार रक्षकका लागि उक्त विधेयकले थप सहयोग पुर्याउने बताउनुभयो ।

त्यस्तै नेपाल बारका केन्द्रीय उपाध्यक्ष उत्तम आचार्यले यो विधेयकले मानव अधिकार रक्षकको क्षेत्रमा काम गर्ने कानुन व्यवसायी, पत्रकार, नागरिक समाजका प्रतिनिधि लगायतका व्यक्तिहरुको हक अधिकार र सुरक्षालाई प्रत्याभूति गरेकोले यसलाई छिटोभन्दा छिटो संसदबाट पास गराउनुपर्ने बताउनुभयो ।

बारका सुर्खेत जिल्ला सचिव खगेन्द्र खनालले विधेयकको ड्राफ्टमा सबै क्षेत्रबाट मानव अधिकार रक्षकको रुपमा काम गर्नेहरुलाई समेटिएको बताउनुभयो । त्यस्तै अधिवक्ता मातृकाप्रसाद खनालले ड्राफ्टमा केही गाइडलाइन्सहरु थपघट गर्नुपर्ने सुझाव दिनुभयो ।

यस्तै अर्का अधिवक्ता इमान सिंह सुनारले मानव अधिकार रक्षकको संरक्षण र

सुरक्षा दिने दायित्व तीनै तहका सरकारको भएको हुँदा विधेयक पास गर्नमा सबैले सहयोग गर्नुपर्नेमा जोड दिनुभयो ।

मानव अधिकार रक्षकको सुरक्षा र संरक्षण सम्बन्धमा बनेको विधेयकको ड्राफ्ट प्रस्तुतिकरण मानव अधिकार रक्षक सञ्जाल कर्णाली प्रदेशका संयोजक पिताम्बर ढकालले गर्नुभएको थियो ।

उहाँले अर्काको निम्ती काम गर्ने मानव अधिकार रक्षकहरुको सुरक्षा र संरक्षणमा यो विधेयकले कोसे ढंगा सावित गर्ने बताउनुभयो ।

इन्सेक कर्णाली प्रदेश कार्याल्यका संयोजक नारायण सुवेदीले कार्यक्तमको उद्देश्यमाथि प्रकाश पार्दै मानव अधिकार रक्षकका लागि छुट्टै कानुनको आवश्यक महशुस गरेर सरकारसँग समन्वय गरी इन्सेकले उक्त विधेयकको ड्राफ्ट तयार गरेको बताउनुभयो । उहाँले विधेयकमा मानव अधिकार रक्षकको विषयमा विभिन्न व्यवस्थाहरु भएकोले यो सरकारका लागि पनि उपलब्धीमूलक हुने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रममा पत्रकार, कानुन व्यवसायी र सरोकारवाहरु गरी ३२ जनाको उपस्थिति रहेको थियो भने कार्यक्रमको सञ्चालन अधिकार-२ परियोजनाका कार्यक्रम संयोजक किरण पौडेलले गर्नुभएको थियो ।

# मानव अधिकारको रक्षाका लागि गैरसरकारी संस्था र राज्य बलियो हुनुपर्छ : अध्यक्ष डा. अर्याल

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) अध्यक्ष डा.कुन्दन अर्यालले मानव अधिकारको रक्षाका लागि गैरसरकारी संस्था र राज्य बलियो हुन आवश्यक रहेको बताउनुभएको छ ।



इन्सेक कर्णाली प्रदेश कार्यालयले कात्तिक १६ गते वीरेन्द्रनगरमा आयोजना गरेको अन्तर्राष्ट्रिय मानव अधिकारसम्बन्धी मापदण्ड तथा मानव अधिकारमा आधारित दृष्टिकोणबाट कानुन तर्जुमा कार्यशालाको समापन सत्रमा बोल्दै उहाँले यस्तो बताउनुभएको हो ।

अध्यक्ष अर्यालले मान अधिकार हन्नका घटना फेरिएको भन्दै गरिवी, अशिक्षा, कुरिति, कुसंस्कार, जलवायु परिवर्तनका विरुद्धमा आवाज उठाउनुपर्ने अवस्था आएको बताउनुभयो ।

राष्ट्रिय मानव अधिकार संस्थाको विश्वव्यापी सञ्जालले राष्ट्रिय मानव अधिकार आयोग, नेपालको श्रेणी घट्वा गर्न सक्छ भन्ने आशंका रहिरहेकै अवस्थामा नोभेम्बर १ मा श्रेणी कायमै राखेकोमा खुसी व्यक्त गर्दै नेपालको वर्तमान संविधान जारी हुनुभन्दा अघिको राष्ट्रिय मानव अधिकार ऐन २०६८ लाई संशोधन गरेर स्वायत्तता बनाउनुपर्ने धारणा व्यक्त गर्नुभयो ।

संविधानले प्रत्याभूति गरेका अधिकारको सुनिश्चितता गर्न तीनै तहका सरकारले सक्षमता, दक्षता र इमान्दारितापूर्वक काम गर्नुपर्ने सुझाव दिनुभयो ।

अध्यक्ष अर्यालले कर्णालीमा मानव अधिकार रक्षकको सुरक्षा र संरक्षणसम्बन्धी विधेयक बन्नेमा विश्वास व्यक्त गर्नुभयो ।

यस्तै कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानुन मन्त्री कृष्णबहादुर जिसीले कर्णालीमा मानव अधिकार रक्षकको सुरक्षा र संरक्षण सम्बन्धी विधेयक बनाई पास गर्ने प्रतिवद्धता जनाउनुभयो ।

यस कार्यशालाबाट मानव अधिकार सम्बन्धी विधेयक, ऐन नियम र कानुनहरु बनाउन सरकारलाई सहज भएको बताउनुभयो ।

उहाँले मानव अधिकार मैत्री नीति नियम बनाउन स्थानीय, प्रदेश र संघीय सरकार सबैको समन्वय हुन आवश्यक रहेको बताउँदै प्रदेश सरकारले गर्ने काम कारवाहीमा मानव अधिकारलाई ध्यानमा राखिएको जानकारी दिनुभयो ।

मन्त्री जिसीले मानव अधिकारका क्षेत्रमा सरकारले गर्नुपर्ने दायित्व इनसेकले गरेको भन्दै प्रशंसा समेत गर्नुभयो । त्यसैगरी कर्णाली प्रदेश सभाका सांसद एवं प्रदेश मामिला समितिका सदस्य पुर्णबहादुर खत्रीले मानव अधिकार सम्बन्धी कानुन बनाउने र त्यसको कार्यान्वयन गर्नेमा जनप्रतिनिधिको महत्वपवुर्ण भूमिका रहने बताउनुभयो ।

त्यस्तै दुल्लु नगरपालिकाका नगरप्रमुख भरतप्रसाद रिजालले यस कार्यशालाबाट मानव अधिकार सम्बन्धी मापदण्डका विषयमा जानकारी भएको बताउनुभयो ।

उहाँले स्थानीय तहहरुमा बन्ने नीति नियम र ऐनमा मानव अधिकारलाई प्राथमिकताका साथ राखिने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

त्यसैगरी कानुन मन्त्रालयका

उपसचिव निधिराज न्यौपानेले मानव अधिकार रक्षकहरुको सुरक्षा र संरक्षण सम्बन्धी विधेयकलाई अगाडी बढाउन आफुहरु सकरात्मक रहेको बताउनुभयो ।

कार्यशालामा मानव अधिकार रक्षकका सुरक्षा र संरक्षण सम्बन्धमा मानव अधिकार रक्षकहरुले तयार गरेको प्रस्तावित विधेयकका विषयमा पूर्व डिन तथा मानव अधिकार रक्षक सञ्जाल कर्णाली प्रदेशका संयोजक पीताम्बर ढकालले प्रस्तुत गर्नुभएको थियो ।

दुई दिने कार्यशालामा कानुनका निर्माण र कार्यान्वयन सम्बन्धी विभिन्न विषयहरुका पूर्व सूचना तथा सञ्चार मन्त्री माधव पौडेलले प्रशिक्षण दिनुभएको थियो ।

समापन सत्रको सञ्चालन इन्सेक कर्णाली प्रदेश कार्यालयका संयोजक नारायण सुवेदीले गर्नुभएको थियो । कार्यशालामा दैलेख, सुर्खेतका विभिन्न स्थानीय तहका प्रमुख, उपप्रमुख, अध्यक्ष, उपाध्यक्ष, प्रदेश सभाका सांसद, मन्त्रीहरु, विषयगत समितिका पदाधिकारी लगायत ३० जनाको सहभागिता रहेको थियो ।

# मानव अधिकारका मापदण्ड कार्यान्वयन गर्नु सबैको भूमिका महत्वपूर्ण : मन्त्री जिसी

कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानुन मन्त्री कृष्णबहादुर जिसीले मानव अधिकार रक्षाका लागि नेपालले गरेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्डहरु कार्यान्वयन गर्नु नागरिक, सरकार र नागरिक समाज सबैको महत्वपूर्ण भूमिका रहेको बताउनुभयो ।

इन्सेक कर्णाली प्रदेश कार्यालयले कात्तिक १५ गते वीरेन्द्रनगरमा आयोजना गरेको अन्तर्राष्ट्रिय मानव अधिकार सम्बन्धी मापदण्ड तथा मानव अधिकारमा आधारित दृष्टिकोणबाट कानुन तर्जुमा कार्यशालाको उद्घाटन सत्रमा बोल्दै उहाँले यस्तो बताउनुभएको हो ।

उहाँले मानव अधिकार मैत्री नीति नियम बनाउन स्थानीय, प्रदेश र संघीय सरकार सबैको समन्वय हुन आवश्यक रहेको बताउँदै प्रदेश सरकारले गर्ने काम कारवाहीमा मानव अधिकारलाई ध्यानमा राखिएको जानकारी दिनुभयो ।

इन्सेकका अध्यक्ष डा. कुन्दन अर्यालले मानव अधिकारको रक्षा गर्न सके मात्रै सामाजिक न्याय स्थापित हुने बताउनुभयो ।

'सामाजिक न्याय स्थापित गर्नका लागि मानव अधिकारको रक्षा हुन आवश्यक छ। जसको लागि विधिको शासन महत्वपुर्ण हुन्छ, 'डा. अर्यालले भन्नुभयो, 'अन्तर्राष्ट्रिय कानुन मापदण्ड नेपालले पालना गरेको छ । त्यसको कार्यन्वयन गर्न जनता र



जनप्रतिनिधि सचेत हुनपर्दछ ।'

स्थानीय र प्रदेश सरकारलाई कानुन निर्माण र कार्यान्वयनमा यस कार्यशालाले सहयोग पुर्याउने अध्यक्ष अर्यालले अपेक्षा राख्नुभयो । नेपाल सरकारले लिएको मानव अधिकार सम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजना सफल बनाउन तीनै तहका सरकारको महत्वपूर्ण भूमिका रहेको उहाँको भनाइ छ ।

त्यस्तै कर्णाली प्रदेश सभाकी सांसद विजया बुढाले कर्णालीमा दिनहुँ मानव अधिकारको हनन् र महिला हिंसाका घटना बढेकोले न्यूनिकरण गर्नका लागि सबैले समन्वय गरेर काम गर्नुपर्ने बताउनुभयो ।

कार्यक्रमका प्रशिक्षक एवं पूर्व सूचना तथा सञ्चार मन्त्री माधव पौडेलले नागरिक अधिकार तथा राजनीतिक अधिकार, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार प्राप्तीका लागि यस कार्यशालाले महत्वपुर्ण भूमिका खेल्ने बताउनुभयो ।

इन्सेक कर्णाली प्रदेश कार्यालयका संयोजक नारायण सुवेदीले दुई दिने कार्यशालाको उद्देश्यमाथि प्रकाश पार्दै इन्सेक कर्णाली प्रदेश कार्यालयले गरेका क्रियाकलापहरुको जानकारी गराउनुभएको थियो ।

कार्यशालामा मानव अधिकार रक्षकका सुरक्षा र संरक्षणसम्बन्धमा मानव अधिकार रक्षकहरुले तयार गरेको प्रस्तावित विधेयकका विषयमा पूर्व डिन तथा मानव अधिकार रक्षक सञ्जालका संयोजक पीताम्बर ढकालले प्रस्तुत गर्नु हुनेछ । कार्यशाला उद्घाटन कार्यक्रमको सञ्चालन इन्सेकको अधिकार-२ परियोजनाका कार्यक्रम संयोजक किरण पौडेलले गर्नुभएको थियो ।

दुई दिने कार्यशालामा दैलेख, सुर्खेतका विभिन्न स्थानीय तहका प्रमुख, उपप्रमुख, अध्यक्ष, उपाध्यक्ष, प्रदेश सभाका सांसद, मन्त्रीहरु, विषयगत समितिका पदाधिकारी लगायत ३० जनाको सहभागिता रहेको छ ।

# बलात्कार घटनाका पीडित बालिका र घरेलु हिंसा पीडित महिलालाई इन्सेकद्वारा सहयोग प्रदान




बलात्कार घटनाका पीडित बालिका र घरेलु हिंसा पीडित महिलाको न्यायिक प्रक्रियालाई सहज बाउन इन्सेक सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढीले ०८० मङ्सिर २८ गते आर्थिक सहयोग प्रदान गरेको छ ।

११ वर्षीया बालिका र घरेलु हिंसा पीडित महिलालाई न्यायिक प्रक्रियामा जान सहज होस् भन्ने उद्धेश्यले पीडितहरु आर्थिक सहयोग रकम प्रदान गरिएको हो ।

पीडित बालिकाको पारिवारिक आर्थिक अवस्था कमजोर भएकाले न्यायिक प्रक्रियामा जानका लागि समस्या भएको भन्दै सिविन नेपालले इन्सेकलाई सहयोगका लागि सिफारिस गरेपछि इन्सेक सुदूरश्चिम प्रदेश कार्यालय, धनगढीले आर्थिक सहयोग स्वरुप ८ हजार रुपियाँ प्रदान गरेको हो ।

पीडित बालिकालाई मङ्सिर २० गते धनगढी उपमहानगरपालिका-२ का १३ वर्षीय बालकले बलात्कार गरेको आरोपमा पीडित पक्षले मङ्सिर २५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिनुभएको थियो । पीडित बालिकाको स्वस्थ्य परीक्षण मङ्सिर २५ गते सेती प्रादेशिक अस्पताल, धनगढीमा गरिएको थियो ।

यसैगरी गोदावरी नगरपालिका-१ की घरेलु हिंसा पीडित २३ वर्षीया पवित्रा कडरालाई आर्थिक सहयोग स्वरुप ८ हजार रुपियाँ प्रदान गरेको छ ।

जिल्ला अदालतमा अंशबण्डाको मुद्दा दर्ता गरिएको भए पनि आर्थिक अभावका कारण पीडित महिलालाई न्यायिक प्रक्रियामा सहभागि हुन समस्या भएको भन्दै दलित महिला अधिकार मंचले इन्सेकलाई सहयोगका लागि सिफारिस गरेको थियो ।

आर्थिक अभावका कारण पीडितहरुले न्याय पाउनबाट वञ्चित हुन नपरोस् र पीडितको न्यायमा सहज पहुँच पुगोस् भन्नका लागि इन्सेकले मानव अधिकार सहायता कक्ष मार्फत आर्थिक सहयोग प्रदान गर्दै आएको इन्सेक सुदूरपश्चिम प्रदेश कार्यालयका प्रलेख अधिकृत कृष्णबहादुर विश्वकर्माले बताउनु भयो ।

# लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानको अवसरमा बाल अधिकार चेतना समूहद्वारा सडक नाटक प्रर्दशन

इन्सेकको सहयोगमा कैलारी गाउँपालिकास्तरीय मानव अधकार समूह, बाल अधिकार चेतना समूह र राष्ट्रिय माध्यामिक विद्यालयको संयुक्त आयोजनामा बाल अधिकार चेतना समूहले लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान अन्तर्गत मङ्सिर २२ गते सडक नाटक तथा वक्तृत्वकला प्रतियोगिता सम्पन्न गरेको छ ।

राष्ट्रिय माध्यामिक विद्यालयमा गठित बाल अधिकार चेतना समूहले समुदायमा कुप्रथाको रुपमा रहिआएको बोक्सी प्रथा विरुद्ध सडक नाटक र महिला हिसांको अन्त्यका लागि विद्यार्थीको भुमिका विषयक वक्तित्वकला प्रतियोगिता सम्पन्न गरेको हो ।

कैलारी गाउँपालिकास्तरीय मानव अधिकार समूहका सचिव ज्ञानु चौधरीले समाजमा बोक्सीको नाममा महिला हिंसा हुने गरेकाले यस्ता कुप्रथालाई न्यूनीकरण गर्न सचेतनाका लागि निरन्त रुपमा सडक नाटक प्रदर्शन गर्न आवश्यक रहेको बताउनु भयो ।

उहाँले भन्नु भयो- 'हाम्रो समाजमा सामाजिक मुल्यमान्यताका कारण अझै पनि बोक्सी जस्ता कुप्रथालाई मान्दै आइरहेकाले समुदायमा बोक्सी प्रथा कानुनी रुपमा द्वन्द्वीय रहेको भनेर सचेतना फैलाउन आवश्यक छ ।'

यसैगरी घोडाघोडी नगरपालिका–१० पहलमानपुरस्थित कान्ति राज्यलक्ष्मी माध्यामिक विद्यालयका बाल अधिकार चेतना समूहले लैङ्गिक तथा अल्पसङ्ख्यक समुदायले भोग्दै आएको विभेद सम्बन्धमा मङ्सिर २२ गते सडक नाटक र महिला हिसांको अन्त्यका लागि विद्यार्थीको भुमिका विषयक वक्तित्वकला प्रतियोगिता सम्पन्न गरेको छ ।

घोडाघोडी नगरपालिकास्तरीय मानव अधिकार समूहका अध्यक्ष आशा परियारले लैङ्गिक तथा अल्प सङ्ख्यक समुदायले अझै पनि आफ्ना समस्या खोलेर भन्न नसक्ने हुँदा



मानसिक समस्या तथा डिप्रेशनमा जाने जस्ता समस्या भोग्दै आइरहेकाले लैङ्गिक तथा अल्पसङ्ख्यक समुदायको सवाललाई उजागर गरी नाटक देखाएकाले बाल अधिकार चेतना समूहलाई धन्यवाद दिनु भयो ।

यसैगरी घोडाघोडी नगरपालिका–२ साडेपानीस्थित दशरथ माध्यामिक विद्यालयका बाल अधिकार चेतना समूहले बालविवाह विरुद्ध मङ्सिर २२ गते सडक नाटक गरेका छन् ।

दशरथ माध्यामिक विद्यालयका सहायक प्रधानाध्यापक खगेन्द्र चन्दले उमेर नपुग्दै बालबालिकाहरुले प्रेम विवाह गर्ने कारण समाजमा बालविवाह बढेको र बालविवाहका कारण बालबालिकाहरुको व्यक्तित्व विकास हुन नसक्दा आर्थिक, मानसिक, पारिवारिक तथा समाजिक समस्याले हिसां बढाएको बताउनु भयो ।

सडक नाटक तथा वक्तित्वकला प्रतियोगितामा बिभिन्न विद्यार्थीहरुले भाग लिएका थिए भने कार्याक्रममा मानव अधिकार समूहका पदाधिकारी, शिक्षक, अभिभावक र विद्यार्थीहरुको सहभागिता रहेको थियो ।

# वातावरण संरक्षणसम्बन्धी प्रदेशस्तरीय अन्तरक्रिया सम्पन्न

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढीको आयोजनामा सुदूरपश्चिम प्रदेशस्तरीय वातावरणीय मानव अधिकार रक्षक सञ्जालसँग वातावरणीय संरक्षणसम्बन्धी छलफल तथा अन्तरक्रिया कार्यक्रम कात्तिक १० गते धनगढीमा सम्पन्न भएको छ ।




सुदूरपश्चि प्रदेश संयोजक खडकराज जोशीले पछिल्लो समयमा भइरहेको जलवायु परिवर्तनका कारण कहिले अतिवृष्टी त कहिले अनावृष्टीका कारण मानवले स्वच्छ वातावरणमा बाच्न पाउनु पर्ने अधिकारबाट वञ्चित हुनु पर्ने अवस्थामा स्थानीय सरकारले निर्माण गरिएका नीति तथा कानुन बारे नागरिकलाई जागरुक गराई कानुन कार्यान्वयनका लागि राज्यलाई दवाव दिन आवश्यक रहेको बताउनु भयो ।

फियान नेपालका संयोजक मुकुन्द रानाले राज्यले वातावरण संरक्षणसम्बन्धी निर्माण गरेका कानुनको कार्यान्वयन गर्नका लागि नागरिक समाज संघसंस्थाहरु मिलेर आवाज उठान गर्न आवश्यक रहेकाले मापदण्ड पुरा नगरी सञ्चालन गरिएका उद्योगहरुको अध्ययन गरी न्यायीक उपचारका लागि काम गर्नु आवश्यक रहेको बताउनु भयो ।

सुदूरपश्चिम प्रदेशस्तरीय वातावरणीय मानव अधिकार रक्षक सञ्जालका उपाध्यक्ष गोविन्द सापकोटाले कञ्चनपुर जिल्लाको बेलौरी नगापालिका–१० शिवनगरस्थित महाकाली सुगर मिल र पुनर्वास नगरपालिका–२ स्थित भागेश्वर सुगर मिलबाट निस्केको केमिकलका कारण ५ सय बिघामा रोपिएको धान खेती नष्ट हुँदा स्थानीय किसानहरु समस्यामा परेको बताउनु भयो ।

गोदावरी नगरपालिकामा रहेका नदीहरुबाट गिट्टी वालुवाको उत्खननले चुरे क्षेत्र जोखिममा रहेकाले समयमा गोदावरी नगरपालिकालाई सचेत गराउन आवश्यक रहेको अधिकारकर्मी नरदिप धामीले बताउनु भयो ।

जि.प्र.का.का.द.नं. ६/०४८/०४९
स.क.प.आ.नं. ११४४९, पान नं. ३००९३१९७६

# अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

२०८० मङ्सिर ६ गते

**आमजनतामा असुरक्षा भाव, अन्योल र मानव अधिकार अवस्थाप्रति बढिरहेको चिन्ताका सन्दर्भमा हाम्रो चासो**

१. स्थानीय प्रशासन ऐन २०२८ मा रहेको व्यवस्थाअनुसार काठमाडौं र ललितपुर जिल्ला प्रशासन कार्यालयले केही क्षेत्र तथा स्थानमा नारा, जुलुस, प्रदर्शन तथा पाँच जना भन्दा बढी भेला हुन निषेध गर्ने आदेश जारी गरेका छन् । पञ्चायतकालीन ऐनका आधारमा गरिएको बन्देजले संविधान सभाबाट जारी भएको नेपालको संविधानको धारा १७ मा व्यवस्था गरिएको स्वतन्त्रतापूर्वक भेला तथा सङ्गठित हुन पाउने अधिकार कुण्ठित गर्ने दुष्प्रयास गरेको छ । कुनै पनि बहानामा चालिएको जनताको शान्तिपूर्ण रूपमा खुला र सार्वजनिक रूपमा आफ्ना असन्तुष्टि अभिव्यक्त गर्न पाउने अधिकारको सुनिश्चितता गर्ने वर्तमान लोकतान्त्रिक संविधान विरुद्धको कदमको हामी विरोध गर्दछौं ।

२. गणतन्त्र, संघीयता र धर्म निरपेक्षता नेपाली लोकतन्त्र र सार्वभौमसत्ताका आधार स्तम्भहरु हुन् । हामी प्रमुख राजनीतिक दल र शीर्षस्थ नेताका कृयाकलापप्रति खबरदारी गर्दै उनीहरुले संघीय लोकतान्त्रिक गणतन्त्रका कार्यसूचीहरूको स्मरण गर्न आव्हान गर्दछौं । साथै, नेपालको वर्तमान राज्य संरचना र संविधान विरोधी कृयाकलापप्रति गम्भीर असहमति जाहेर गर्छौं ।

३. मङ्सिर ७ गते काठमाडौंमा हुने भनिएको प्रदर्शनका सम्बद्ध आयोजकहरूलाई हामी आ-आफ्नो कार्यक्रम संविधानप्रदत्त अधिकार अनुकूल शान्तिपूर्ण रूपमा सम्पन्न गर्न आह्वान गर्दछौं । विगत लामो समयदेखि इन्सेकले गर्दै आएको मानव अधिकार अनुगमन कार्यलाई भोलि हुने प्रदर्शनका सन्दर्भमा पनि हामी निरन्तरता दिँदैछौं । इन्सेकले प्रदर्शनको निष्पक्ष अनुगमन तथा अभिलेख गरी भोलि साँझ नै प्रारम्भिक प्रतिवेदन प्रकाशन गर्नेछ ।

डा. कुन्दन अर्याल
**अध्यक्ष**

दण्डहीनताको विरोध गरौं, मानव गरिमाको रक्षा गरौं !



**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**
नागार्जुन नपा-१०, स्यूचाटार, पत्रमञ्जुषाः २७२६, काठमाडौं, फोनः ५२१८७७०, फ्याक्सः ५२१८२५१
इमेलः insec@insec.org.np, वेबसाइटः www.insec.org.np, www.inseconline.org

जि.प्र.का.का.द.नं. ६/०४८/०४९
स.क.प.आ.नं. ११४४९, पान नं. ३००९३१९७६

# अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

**२०८० मङ्सिर ५ गते**

## शान्ति सम्झौताका १८ वर्षः न्याय तथा परिपूरण कहिले ?

दश वर्ष लामो सशस्त्र द्वन्द्व समाप्तीका लागि नेपाल सरकार र माओवादीबीच २०६३ मङ्सिर ५ गते सम्पन्न भएको विस्तृत शान्ति सम्झौताको १८ वर्ष हुन लाग्दा पनि हजारौं द्वन्द्वपीडित न्याय र परिपूरणबाट विमुख छन् । सङ्क्रमणकालीन न्यायको विषयमा राजनीतिक दल र एकपछि अर्को गरी आजसम्मका सरकारहरूले देखाएको उदासिनताप्रति हामी चिन्ता व्यक्त गर्दछौं ।

मानव अधिकार उल्लङ्घनका घटनाहरूको उजागर गर्दै त्यसमा संलग्न दोषीहरूलाई कारबाही गरिनु सङ्क्रमणकालीन न्याय व्यवस्थाको प्रमुख कार्य एवम् माग हो । आफ्ना प्रियजनहरूको के कारणले हत्या भयो ? उनीहरूलाई किन बेपत्ता पारियो ? वा किन उनीहरूलाई घाइते तुल्याइयो ? लगायतका विषयमा यथार्थ जान्न पाउनु पीडितपक्षको अधिकार हो । तर, विगत १८ वर्षदेखि द्वन्द्वकालमा भएका जघन्य अपराधमा संलग्न दोषी पत्ता लगाउने, तिनलाई कानुनको दायरामा ल्याउने, पीडित पक्षको तथ्य सङ्कलन, न्याय तथा अन्य परिपूरणको व्यवस्था गरी समाजमा शान्ति स्थापना गर्ने विषयमा सार्थक कार्य हुन सकेको छैन ।

संयुक्त राष्ट्रसङ्घका महासचिव एण्टोनियो गुटरेसले कात्तिक १४ गते संसदको संयुक्त बैठकमा सम्बोधन गर्दै द्वन्द्वपीडितको न्यायको सवाललाई केन्द्रमा राखी, अन्तर्राष्ट्रिय मानव अधिकार कानुन र सर्वोच्च अदालतका फैसलाहरूको आधारमा सङ्क्रमणकालीन न्यायको प्रकृयालाई टुङ्ग्याउन आग्रह गर्नु भएको स्मरण गराउँछौं । संसदमा विचाराधीन सङ्क्रमणकालीन न्यायसम्बन्धी विधेयक यथाशक्य छिटो पारित गर्न तथा न्याय र परिपूरणको सवालमा गम्भीर हुन राजनीतिक दल र सरकारसँग आह्वान गर्दछौं ।

डा. कुन्दन अर्याल
**अध्यक्ष**

दण्डहीनताको विरोध गरौं, मानव गरिमाको रक्षा गरौं !



**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**
नागार्जुन नपा-१०, स्यूचाटार, पत्रमञ्जुषा: २७२६, काठमाडौं, फोन: ५२१८७७०, फ्याक्स: ५२१८२५१
इमेल: insec@insec.org.np, वेबसाइट: www.insec.org.np, www.inseconline.org

## प्रेस विज्ञप्ति

जि.प्र.का.का.द.नं. ६/०४८/०४९
स.क.प.आ.नं. ११४४९, पान नं. ३००९३१९७६

# अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

इन्सेक insec

२०८० कार्तिक १६ गते

इन्सेक बुलेटिन

दण्डहीनताको विरोध गरौं, मानव गरिमाको रक्षा गरौं !

## मानव अधिकार आयोग तदर्थ मानसिकताबाट माथि उठोस्

राष्ट्रिय मानव अधिकार संस्थाको विश्वव्यापी सञ्जाल (GANHRI) ले राष्ट्रिय मानव अधिकार आयोग, नेपालको श्रेणी घटुवा गर्न सक्छ भन्ने आशंका हालका लागि समाप्त भएकोमा हामी खुसी र सन्तोष व्यक्त गर्दछौं ।

राष्ट्रिय मानव अधिकार आयोग, नेपाल 'क' श्रेणीमा कायमै रहेको यस सन्दर्भमा नेपालको वर्तमान संविधान जारी हुनुभन्दा अधिको राष्ट्रिय मानवअधिकार ऐन २०६८ लाई विस्थापित गर्दै आयोगलाई पेरिस सिद्धान्त (१९९३) अनुसार अझ बढी स्वायत्त र प्रभावकारी बनाउने गरी नयाँ कानुनको निर्माण गर्ने प्रकृयाको गति बढाउन सरकारसँग जोडदार माग गर्दछौं ।

कुनै पनि देशको 'ख' श्रेणीको आयोगको सिफारिस कार्यान्यवन गर्न राज्य बाध्यकारी नहुने हुँदा नेपालको आयोगको श्रेणी घटुवा भएको भए देशभित्रको मानव अधिकार अवस्था अझ जटिल हुन सक्ने थियो । संसारका धेरै मानव अधिकार आयोगभन्दा सुस्पष्ट रूपमा संविधान र कानुनबाट स्वायत्तता र स्वतन्त्रता प्राप्त गरेको नेपालको आयोगको श्रेणी घटुवा भएको भए राज्यका निकायले प्राप्त गर्ने अन्तर्राष्ट्रिय अनुदानमा पनि प्रतिकूल असर पर्न सक्ने थियो । अन्तर्राष्ट्रिय मञ्चहरूमा समेत नेपाललाई दूरगामी असर पर्न सक्ने थियो । मानव अधिकारका कतिपय अन्तर्राष्ट्रिय मञ्चहरूबाट नेपाल वञ्चित हुन सक्ने थियो भने पुःन स्तरोन्नतिका लागि गरिने प्रयास सहज हुने थिएन । उल्लेखित तथ्यहरूलाई नेपाल सरकार, संसद, राजनीतिक दलहरू र राष्ट्रिय मानव अधिकार आयोगले समेत गम्भीरतापूर्वक मनन गर्दै आयोगसम्बन्धी नयाँ कानुन निर्माणमा इमान्दार पहल गर्नै पर्दछ ।

स्तरीकरणसम्बन्धी विर्मश टुंगो लागेको अवस्थामा अब आयोगले नागरिक समाज र मानव अधिकार संस्थाहरूसँगको सहकार्य बढाउँदै मानव अधिकार संरक्षण र सम्वर्धनमा आफ्नो सकृयता बढाउन सक्नु पर्दछ । यसै विर्मशका कारण आयोग कदाचित तदर्थ मानसिकतामा खुम्चिएको हो भने अब यसले त्यस अवस्थाभन्दा माथि उठ्दै मानव अधिकार तथा नागरिक समाज संस्थाहरूसँग गतिविधिको तहमा मात्र होइन, नीतिगत तहमा पनि सशक्त सहकार्यको वातावरण बनाउनु पर्दछ । साथै, आयोगले आफ्ना पदाधिकारहरूको अनुशासनहिनता र गैरजिम्मेवार कृयाकलापका कारण यसको गरीमाको क्षय हुन पुग्दछ भन्ने हृदयंगम गर्न जरुरी छ ।

नेपालका मानव अधिकार तथा नागरिक संस्थाहरूको संघर्षको प्रतिफलका रूपमा स्थापित र उनीहरूकै सचेत निगरानीका कारण 'क' श्रेणीमा कायम रही आएको राष्ट्रिय मानव अधिकार आयोग मजबूत, स्वायत्त, सक्षम, संवेदनशील, प्रभावकारी, सकृय र हरेक क्षण मानव अधिकारको संरक्षण र सम्वर्धनमा तत्पर र समर्पित हुनु पर्दछ भन्ने हाम्रो अपेक्षा छ । हाम्रो यो मौलिक आकांक्षा र आयोगको स्थापनाकालीन उद्देश्यहरूलाई साकार पार्न हामी आयोगसँग सहकार्यका लागि खुला रही रहनेछौं ।

डा. कुन्दन अर्याल
अध्यक्ष

**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**
नागार्जुन नपा-१०, स्यूचाटार, पत्रमञ्जुषाः २७२६, काठमाडौं, फोनः ५२१८७७०, फ्याक्सः ५२१८२५१
इमेलः insec@insec.org.np, वेबसाइटः www.insec.org.np, www.inseconline.org